# रामेछाप नगरपालिका

# ११ औं नगर सभा

## (मितिः२०७९/०३/०९)

**आ.व. २०७९/०८० को प्रस्तावित वार्षिक नीति, कार्यक्रम तथा बजेट**

- बाल कुमारी कार्की थापा
उपप्रमुख, रामेछाप नगरपालिका

# रामेछाप नगरपालिकाको एघारौं नगर सभामा प्रस्तुत

# आ.व. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट

**रामेछाप नगरपालिका प्रमुख एवंम् यस सभाका सभाध्यक्ष महोदय,**

**सदस्य -सचिव एवम् सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,**

**सञ्चारकर्मी मित्रहरु,**

**रामेछाप नगरपालिकाका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु,**

पछिल्लो पटक नेपालको संविधान जारी भए पश्चात भर्खरै दोश्रो पटक स्थानीय तह सदस्य निर्वाचन स्वच्छ, निश्पक्ष, स्वतन्त्र र मर्यादित वातावरणमा सम्पन्न भएबाट यसले लोकतन्त्रलाई जगैदेखि बलियो वनाएको छ । जन चाहना अनुरुप नागरिकको घरदैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रुपमा रहेको स्थानीय तहको निर्वाचनमा आम नागरिक, राजनीतिक दल र मतदाताहरु उत्साहका साथ सहभागी भएबाट नेपालको संविधान र राजनीतिक प्रणालीमा हामी सवैको साझा स्वामित्व स्थापित भई यसले प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजवुत वनाएको छ ।

नयाँ जनादेश सहित निर्धारित समय भित्रै स्थानीय तहको गठन भएसँगै लोकतान्त्रिक मुल्य, मान्यता र विधिको शासनमा आधारित भएर समाजबाद प्रति प्रतिवद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पुरा गर्ने दिशामा अग्रसर रहन थप सवल आधार प्राप्त भएको मैले महशुस गरेको छु । यस सुखद घडीमा संघीयता कार्यान्वयन पश्चात रामेछाप नगरपालिकाको दोस्रो कार्यकालका लागि नव निर्वाचित उप प्रमुखको हैसियतले आगामी आ.व.२०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा वजेट यस गरिमामय ११ औं नगर सभामा पेश गर्न पाउदा मलाई गर्वको अनुभुति भएको छ।

यस अवसरमा म सर्व प्रथम नेपाल राष्ट्रको रक्षा र अग्रगमनका लागि सात दशक लामो वलिदानीपूर्ण संघर्षको विभिन्न काल खण्डमा सहादत प्राप्त गर्नु हुने महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । विगतका यी संघर्ष र आन्दोलनमा नेतृत्व प्रदान गर्नु हुने श्रद्धेय नेताहरुको योगदान हाम्रा लागि सदैव प्रेरणादायी भएको र ती संघर्ष र आन्दोलनहरुमा आम नागरिकले पुऱ्याएको योगदानले हामीलाई सदैव कर्तव्य पथमा डोहोऱ्याई रहने भएकोले वहाँहरु प्रति म हार्दिकतापूर्वक उच्च सम्मान व्यक्त गर्दछु ।

दुई वर्षदेखि महामारीको रुपमा हाम्रो नगरपालिका लगायत विश्वभर फैलिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि संघ, प्रदेश सरकार र यस नगरले चालेका कदम समेतको परिणाम स्वरुप यसको असर हाल सामान्य हुदै गईरहेको छ। यसबाट हामी सरोकारवालाहरु सबैको प्रयासले यस्ता महामारीहरु विरुद्ध लड्न र त्यसबाट सिर्जित प्रतिकुल अवस्थाको सामना गर्न सकिन्छ भन्ने दृढ विश्वास जागेको छ। तसर्थ महामारीको यस अवधिमा कोभिड-१९ को संक्रमण नियन्त्रण, व्यवस्थापन र उपचारमा अग्रपंतिमा अहोरात्र खटिने चिकित्सक, नर्स लगायतका स्वास्थ्यकर्मी, सरसफाईकर्मी, राष्ट्रसेवक कर्मचारी, पूर्व जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी लगायत सम्वद्ध संघ संस्थाहरुलाई हार्दिक धन्यवाद दिदै यस महामारीबाट आफ्नो अमूल्य जीवन गुमाउनु हुने रामेछाप नगरवासीहरु लगायत सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै वहाँहरुको आफन्त तथा परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु ।

**सभाध्यक्ष महोदय,**

नेपाल सरकारले २०७२ साल मंसिर १६ गते तत्कालीन रामेछाप, सुकाजोर र ओखेनी समेत ३ वटा गा.वि.स मिलाएर घोषणा गरेको रामेछाप नगरपालिकामा नेपालमा शासन व्यवस्थामा भएको परिवर्तन र संघीयताको कार्यान्वयन सँगै २०७३ साल फागुन २२ गते पुनः साँघुटार, रामपुर, देउराली, हिमगंगा र गोठगाँउ समेत तत्कालित ५ वटा गा.वि.स थपी अहिलेको वृहत रामेछाप नगरपालिकाको निर्माण भएको छ । साविकको रामेछाप गा.वि.स क्षेत्रलाई २ वटा वडा र गाभिएका अन्य ७ वडा गा.वि.स.लाई १-१ वटा वडा गरी जम्मा ९ वटा वडा रहेको रामेछाप नगरपालिका, रामेछाप जिल्लाको ८ वटा पालिका मध्ये पूर्वी क्षेत्रमा पर्ने नगरपालिका हो ।यस नगरपालिकाको पूर्वमा ओखलढुङ्गा जिल्ला(लिखु नदी), पश्चिममा रामेछाप जिल्लाको मन्थली नगरपालिका, उत्तरमा रामेछापकै मन्थली नगरपालिका र लिखु तामाकोशी गाँउपालिका एवम् दक्षिणमा सिन्धुली जिल्ला (सुनकोसी नदी) रहेको छ । जिल्लाकै सवैभन्दा होचो स्थान वडा नं. ५ को कोलन्जोर घाट(३६९ मिटर) देखी सवैभन्दा अग्लो स्थान वडा नं.१ को गोगने-खराने सिरान (२०९४ मिटर) रहेको यस नगरपालिकाको कुल क्षेत्रफल २०२.४५ वर्ग किलोमिटर रहेको छ । रामेछाप नगरपालिकाको ९ वटा वडा मध्ये जनसंख्या र क्षेत्रफलको आधारमा सवै भन्दा ठुलो वडा नं.५ रामपुर र घरधुरी संख्याको आधारमा सवैभन्दा ठुलो वडा नं.४ हिमगंगा हो भने यी तीनै विषयमा सवैभन्दा सानो वडा नं.९ ल्याङल्याङ रहेको छ । खुला दिशा मुक्त र पूर्णखोप युक्त नगर घोषणा भैसकेको रामेछाप नगरपालिका २०७९ साल चैत्र मसान्त भित्र बालमैत्री नगर घोषणाको तयारीमा रहेको छ ।

रामेछाप जिल्लामा सुख्खा ग्रस्त क्षेत्रको रुपमा घोषणा गरिएका तत्कालीन १८ गा.वि.स मध्ये यस नगरपालिकामा ४ वटा गा.वि.स पर्दछ ।रामेछाप नगरपालिकाले तयार गरेको नगर रणनीतिक योजना २०७५ अनुसार २०४९५ पुरुष र १९६३८ महिला सहित कुल ४०१२३ जनसंख्या रहेकोमा राष्ट्रिय जनगणना-२०७८ को प्रासम्भिक प्रतिवेदन अनुसार पुरुष ११८२९ र महिला १३२८८ समेत जम्मा २५११७ जनसंख्या रहेको देखिन्छ ।वैदेशिक रोजगारी र अध्ययन प्रयोजनको लागि युवाहरु मुलुक वाहिर रहेको कारण जनसंख्यामा धेरै कमी देखिएको रामेछाप नगरपालिकामा विभिन्न जातजातीको वसोवासको आधारमा हेर्दा यस नगरपालिकामा मगर जाती पहिलो, क्षेत्री दोस्रो र नेवार जाती तेश्रो स्थानमा पर्दछन् । तामाङ, व्राम्हण र विभिन्न दलित जातजातीहरुको समेत वसोवास रहेको यस नगरपालिकामा सुनवार र हायु जातीका अल्पसंख्यक समुदायका साथै सवैभन्दा कम वडा नं.९ मा ३ घर वादी जातिको वसोवास रहेको छ । विभिन्न जातजाती, भाषा, धर्म र संस्कृतिका मानिसहरुको मिश्रीत वसोवास रहेको रामेछाप नगरपालिकामा पर्यटकीय क्षेत्रको रुपमा पुष्पलाल / गंगालाल श्रेष्ठको जन्मस्थान भंगेरी, ताराखसे पोखरी, केवलेश्वर महादेव मन्दिर, डुकुरसिंह डाँडा, थानी डाँडा, भालुखोप भ्यूटावर, थरहरी डाँडा, कालिका निशान भगवती मन्दिर, भिमसेनथान ल्याङल्याङ, १६ भगवती तथा मनकामना मन्दिर हिमगंगा, मानेडाँडा, कालिका देविस्थान, लोपोन्मुख हायू जातीको महाकाली देवी मन्दिर आदि रहेका छन् । प्राकृतिक रुपमा सुन्दर, ठन्डा हावापानी, गाँउले परिवेश र सामाजिक, सास्कृतिक, आर्थिक एवम् पर्यटकीय दृष्टीले महत्वपूर्ण एवम् कृषि र पशु विकासको दृष्टिले प्रचुर सम्भावना वोकेको रामेछाप नगरपालिका, रामेछाप जिल्लाको पुरानो सदरमुकामको रुपमा चिनिन्छ।

नगरपालिका घोषणा हुँदाको अवस्थामा सदरमुकाम रामेछाप बजार र साँघुटार वाहेक सवै ग्रामिण परिवेश भएको र सडक, यातायात, खानेपानी , संचार, विजुलीवत्ती, स्वास्थ्य सुविधा र पर्यटन पुर्वाधार जस्ता न्यूनतम पूर्वाधार तथा आधारभुत सुविधा समेत नभएको र आन्तरिक श्रोत ज्यादै न्यून भएको रामेछाप नगरपालिकामा मुलुकमा शासन व्यवस्थामा भएको परिवर्तन र संघीयताको कार्यान्वयन सँगै २०७४ सालमा भएको स्थानीय तहको प्रथम निर्वाचन पश्चात लामो समयसम्मको जनप्रतिनिधि विहिन अवस्थाको अन्त्य भई पूर्वाधार विकास र सेवा प्रवाहमा सकारात्मक दिशातर्फ बामे सर्दै आईरहेको अवस्था छ । अघिल्लो ५ वर्षे अवधिमा नेपाली काँग्रेसको नेतृत्वमा निर्वाचित जनप्रतिनिधिहरुले रामेछाप नगरपालिकामा कार्यालयको प्रशासकीय भवन एवं सवै वडामा वडा कार्यालय भवन निर्माण र मर्मत संभार गरी कार्यालय संचालन र सेवा प्रवाह, सवै वडाका टोल टोलसम्म कम्तीमा एम्वुलेन्स र दमकल पुग्ने गरी सडक सञ्जाल विस्तार, पर्यटन प्रवर्द्धनका लागि भालुखोप डाँडामा भ्युटावर र डुकुरसिंह डाँडाँमा डान्सिङ गणेश निर्माण, ठाँउ- ठाँउमा वुद्धमुर्ति, विभिन्न देवी देवताका मन्दिर, प्रतिक्षालय र सामुदायिक भवनहरु निर्माण,

वेवारिसे, असहाय, हिंसा पिडित र परिवारबाट अपहेलित व्यक्तिहरुको संरक्षण र पालनपोषणका लागि रामेछाप वजारमा सेफ हाउस निर्माण, खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनका लागि हिलेपानी (सुकाजोर)मा अत्याधुनिक कर्भडहल निर्माण र हरेक वडामा खेल मैदान व्यवस्थापन, सवै वडामा विद्युतिकरण र खानेपानी व्यवस्थापन, सवै नागरिकलाई स्वास्थ्य सुविधा पुर्याउने गरी स्वास्थ्य चौकी व्यवस्थापन, स्वास्थ्य चौकी नभएका वडामा शहरी स्वास्थ्य केन्द्र स्थापना र संचालन एवं रामेछाप अस्पतालमा विशेषज्ञ सेवाको लागि MDGB डाक्टरको व्यवस्था र सहयोग तथा यातायात सेवा संचालन नभएको अवस्थामा असक्त विरामीहरुको सेवाको लागि वडा नं.१,२ र ३ को लागि वडा नं.१ गोठगाँउ, वडा नं.४,५ र ६ को लागि वडा नं.५ रामपुर र वडा नं.७,८ र ९ को लागि रामेछाप नगरपालिकामा २४ सै घण्टा एम्वुलेन्स सेवा सञ्चालन, सवै शिक्षण संस्थाको पूर्वाधार, सुधार र शिक्षक दरवन्दी कम भएका विद्यालयमा स्वयंम सेवक शिक्षकको व्यवस्था गरी शैक्षिक गुणस्तरमा सुधार, व्यवसायीक कृषि र पशुपालनमा प्रोत्साहन तथा विभिन्न सिप तथा व्यवसायमुलक तालिम प्रदान गरी गरिवि निवारणमा सहयोग, भंगेरी-च्यास्कु-कोलन्जोरघाट नगर गौरबको सडक योजनाका साथै रामेछाप वजारबाट सवै वडाको केन्द्रसम्म जोड्ने मुख्य सडकहरुको स्तरोन्नती, गिजन्टार सिंचाइ कुलो निर्माण तथा अन्य सिंचाई पूर्वाधारहरु निर्माण, कम्प्यूटर विलिङ सिस्टमबाट वडा कार्यालयमा समेत राजस्व संकलनको व्यवस्था एवंम् प्रविधिमैत्री, सेवाग्राहीमैत्री कार्यालय व्यवस्थापन लगायतका नगरवासीहरुका सुख, सुविधा र सेवा प्रवाहसँग जोडिएका विकास कार्यहरु गरी नगरपालिकाको न्यूनतम पूर्वाधार विकासमा उल्लेख्य योगदान पुऱ्याएको देखिन्छ । स्थानीयवासीहरुका असिमित आवश्यकताहरुका बीच न्यून स्रोत साधनको उच्चतम प्रयोग गर्दै यस प्रकारको उल्लेखनीय एवम् प्रसंशनीय कार्यको थालनी गर्ने रामेछाप नगरपालिकाका निवर्तमान नगर प्रमुख श्रदेय नरबहादुर थापामगर, उपप्रमुख सृजना खड्का र सम्पूर्ण जनप्रतिनिधिज्यूहरु प्रति हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछु ।

सभाध्यक्ष महोदय,

अव म रामेछाप नगरपालिकाको सम्मानित ११औं नगरसभामा यस नगरले लिएको लक्ष्य **"शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन र पुर्वाधार -समुन्नत र समृद्ध रामेछाप निर्माणको आधार"** लाई आत्मसाथ गर्दै आम नगरवासीहरुको सुख सुविधा र नगरको समृद्धिका लागि चालु आर्थिक वर्ष २०७८/०७९ को हालसम्मको संक्षिप्त प्रगती एवम् आगामी आ.व. ०७९/८० को वार्षिक नीति, कार्यक्रम तथा वजेट पेश गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०७८/०७९ मा रामेछाप नगरपालिकामा दैनिक प्रशासन संचालन एवंम् सेवा प्रवाहको लागि चालु खर्च तर्फ रु ४१ करोड ७६ लाख ७४ हजार ६ सय ५२ रुपैया २२ पैसा

र विकास निर्माण कार्य एवंम् विषयगत शाखाका कार्यक्रमहरु संचालनका लागि पूँजिगत खर्च तर्फ रु २७ करोड ५८ लाख ७३ हजार ९० रुपैया १९ पैसा समेत कुल रु ६९ करोड ३५ लाख ४७ हजार ७ सय ४२ रुपैया ४१पैसा रकम विनियोजन भएकोमा हालसम्म चालु तर्फ रु ३१ करोड १९ लाख २९ हजार ६ सय ४६ रुपैया ६५ पैसा (७४.६८ प्रतिशत) र पूजिगत खर्च तर्फ १६ करोड ६४ लाख ६४ हजार ५ सय ७ रुपैया ३१ पैसा (६०.३४ प्रतिशत) समेत कुल रु ४७ करोड ८३ लाख ९४ हजार १ सय ५३ रुपैया ९६ पैसा अर्थात कुल विनियोजित बजेट मध्ये ६८.९७ प्रतिशत रकम खर्च भएको छ । यो वर्ष ठुला पूर्वाधार तर्फका भालुखोप भ्युटावर निर्माण कार्य, वडा नं.६, ७ र ३ को कार्यालय भवनको निर्माण कार्य एवंम् नगर गौरवको योजनाको रुपमा रहेको च्यास्कु -रामपुर -कोलञ्जोर सडक विस्तार तथा स्तरोन्नती, गोगने डाँडा -चण्डीडाँडा सडक स्तरोन्नती र मानेडाँडा-राताटार-हर्दिनी सडक निर्माणमा विनियोजित रकम वमोजिमको निर्माण कार्य सम्पन्न भै सकेको छ भने वडा नं.७ सुकाजोरको कभर्डहल निर्माण, चण्डीडाँडा- वाकीमैरी -थाक्लेडाँडा सडक स्तरोन्नती, वडा नं.८ को ल्याण्डफिल्ड साइट निर्माण एवंम् रामेछाप नगरपालिकाको नवौं नगरसभाबाट प्रस्तावित एवम् दशौं नगरसभाबाट संशोधित वडास्तरका तथा नगरस्तरका प्राय सवै योजना र कार्यक्रमहरु सम्पन्न हुने अवस्थामा पुगेका छन्। कृषि, पशु, स्वास्थ्य, शिक्षा,महिला वालवालिका तथा सामाजिक विकास, सहकारी तथा उद्योग प्रर्वद्धन शाखा एवम् प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु सन्तोषजनक रुपमा संचालन भएको र नगरपालिका एवम् वडा कार्यालयहरुबाट हुने सेवा प्रवाह समेत चुस्त, दुरुस्त, सेवाग्राही मैत्री, पारदर्शी एवंम् नियमित रुपमा हुदै आएको अवस्था छ । यसरी समग्रमा हेर्दा रामेछाप नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को हालसम्मको भौतिक एवंम वित्तिय प्रगती लक्ष्य अनुसार सन्तोषजनक नै देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

अव म रामेछाप नगरपालिकाको आगामी आ.व. २०७९।०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि नेपालको संविधान, दिगो विकासका लक्ष्य, १५ औं आवधिक योजना, स्थानीय सरकार संचालन ऐन, २०७४ (संशोधन सहित), रामेछाप नगरपालिकाको बजेट तर्जुमा दिग्दर्शन, २०७४ (संशोधन सहित), नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त वजेट सिलिङ, मार्गदर्शन र प्राथमिकताहरु, रामेछाप नगरपालिकाको ५ वर्षे रणनीतिक योजना एवंम् स्थानीय आवश्यकता र प्राथमिकताको

आधारमा देहाय अनुसारका विषयवस्तुहरुलाई समेट्ने गरी वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्राथमिकीकरण गरेको छु।

- स्थानीय श्रोत साधानमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने।
- उत्पादनमुलक र छिटो प्रतिफल दिने।
- विपद् व्यवस्थापन र वातावरण संरक्षणमा योगादन पुऱ्याउने।
- आर्थिक विकास र गरिबि निवारणमा प्रत्येक्ष योगदान पुऱ्याउने।
- लैंगिक समानता, सामाजिक समावेशिकरण अभिबृद्धि हुने।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने।
- स्थानीय राजस्व परिचालनमा प्रत्यक्ष योगदान पुऱ्याउने।
- नगरवासीलाई विपद् तथा जलवायू परिवर्तन उत्थानशील बनाउने।
- अधुरो तथा क्रमागत योजनाहरुको लक्ष्य प्राप्ति हुने।

लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गर्दै नगरवासीहरुको व्यापक सहभागितामा निर्णय गरी अन्तर सरकारी वित्तिय हस्तान्तरण र स्थानीय श्रोत साधनको अधिकतम परिचालन मार्फत नगरवासीहरुको जीवनस्तरलाई स्वस्थ एवं समृद्धी उन्मुख गराउने र नगरपालिका क्षेत्र भित्र विकासका बहुपक्षीय आयामहरुको समन्वय र सन्तुलित परिचालन मार्फत विकसित नगरपालिकाको निर्माण गर्ने लक्ष्य तथा स्थानीय तहमा नै सबै सरकारी सेवाहरुको उपलब्धता एवं शिघ्र र निश्पक्ष न्याय सम्पादन गराउने उद्धेश्यका साथ तयार गरिएको उल्लेखित वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट देहाय बमोजिमको उपलब्धी हासिल हुने अपेक्षा लिईएको छ।

- नीति तथा कार्यक्रमहरुको कार्यान्वयन पश्चात् नगरपालिकाको विकास निर्माणका गतिविधिहरु गुणस्तरीय, दिगो र सन्तुलित रुपमा अगाडी बढी जनताले प्रत्यक्ष रुपमा सो को प्रतिफल प्राप्त गर्ने।
- विकास निर्माणका कार्यक्रमहरु सञ्चालनमा जनसहभागिता, अपनत्व र पारदर्शिता अभिवृद्धि हुने।
- स्थानीय स्तरमा नै आधारभुत सरकारी सेवाहरु उपलब्ध हुने।
- नतिजामुलक र दीगो विकासको लक्ष्य प्राप्ति हुने।
- संकटको अवस्थामा नगरबासीहरुलाई अभिभावकको भूमिका प्रदान हुने।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्ष ०७९/०८० को लागि रामेछाप नगरपालिकाका समग्र नीतिहरु तयार गर्दा राष्ट्रिय विकास लक्ष्य तथा नीति र प्रदेश सरकारका नीति सँग सामन्जस्यता हुने एवंम् नेपाल सरकारले लिएको राष्ट्रिय लक्ष्य ( दीगो विकास लक्ष्य ) प्राप्तिमा सघाउ पुग्ने गरी योजना तथा कार्यक्रमहरु संचालन गर्न संघ, प्रदेश र स्थानीय तहको लक्ष्य, उदेश्य र प्राथमिकतालाई आत्मासाथ गर्दै रामेछाप नगरपालिकाको प्रथम नगरसभाले तयार गरेको दुर दृष्टि “कृषि, पर्यटन, सडक, खानेपानी हाम्रो पूर्वाधार- रामेछाप नगर विकासको दीगो आधार” लाई स्थानीय भूगोल र विकास सम्भावनाका आधारमा समसामयिक परिवर्तन गरी रामेछाप नगरपालिकाको अवको दीर्घकालिन लक्ष्य- **“शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन र पूर्वाधार - समुन्नत र समृद्ध रामेछाप निर्माणको आधार”** लाई दुरदृष्टी मानी सोही अनुसार क्रमश लक्ष्य पुरा गर्दै जाने गरी देहाय बमोजिम दूरदृष्टि, लक्ष्य, र नीतिहरु तय गरिएको छ।

## दूरदृष्टि (Vision): “समुन्नत र समृद्ध रामेछाप नगर”

**ध्येय (Mission):** शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन र पूर्वाधारको क्षेत्रमा गुणात्मक विकास गर्दै समुन्नत र समृद्ध रामेछाप नगर निर्माणको आधार तयार गर्ने ।

# नीतिहरु (Policies):

## समष्टिगत नीतिहरुः

१.रामेछाप नगरपालिकाले विगतमा तयार गरेको गुरुयोजनाको पुनरावलोकन गरी स्पष्ट दुरदृष्टिका साथै आगामी ५ वर्ष भित्र सवै नगरवासीहरुलाई स्वच्छ तथा सफा खानेपानी व्यवस्थापनका लागि एक घर एक धारा कार्यक्रमका साथै नगरपालिकाको सदरमुकाम रामेछाप वजारदेखी हरेक वडाको केन्द्र जोड्ने मुख्य सडकहरुको स्तरोन्ती र कालोपत्रे गर्ने, सवै वडाका वस्ती वस्तीहरुमा विजुली वत्ती, इन्टरनेट र अन्य संञ्चार सुविधाको पहुच एवं भरपर्दो र दीगो स्वास्थ्य उपचारको लागि दक्ष चिकित्सक सहितको जनशक्ति र स्वास्थ्य पूर्वाधार एवंम गुणस्तरीय शिक्षा लगायतका दीर्घकालिन लक्ष्य एवंम उदेश्यको परिपूर्ति हुने गरी योजना र विकास कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२. **“पर्यटकको रहरः फूलैफूलको शहर”**(रामेछाप वजारलाई आधुनिक शहरको रुपमा विकास गरिने छ । रामेछाप वजारलाई फूलैफूलको शहरको रुपमा विकास गरी सौन्दर्यकरण गरिने छ । सेलेघाट - साँघुटार सडकको निर्माण कार्य सम्पन्न भैसकेपछि सडकको दायाँ वायाँ खाली जमिनमा फूलका विरुवाहरु रोपीने छ ।

३. **“रामेछाप वासीको रहरः ऐतिहासिक नगर”** — रामेछाप वजारको ऐतिहासिक र परम्परागत महत्व जोगाउन सेलेघाट(साँघुटार सडकलाई वैकल्पिक मार्गको व्यवस्थापन गरी वजारक्षेत्रमा परम्परागत शैलीमा सडक निर्माण गरिने छ ।

४. **“स्वच्छ पिउने पानीः स्वस्थ जिन्दगानी”** ( रामेछाप नगरपालिकाका अधिकांश क्षेत्रमा रहेको खानेपानीको समस्या समाधान गर्न लिफ्ट प्रविधि लगायत अन्य प्रविधिबाट स्वच्छ खानेपानीको प्रवन्ध गरिने छ । साथै, मूहान, कुवा, पोखरीको संरक्षण गरीने छ ।

५. **“सिंचाई सुविधा गह्रा गह्राः रामेछाप नगर हराभरा”** वनाउन सिंचाईको सुविधा नपुगेको जमिनमा सिंचाईको व्यवस्था गरिने छ । सिंचाईको अभावमा जग्गा बाँझो रहने अवस्थाको अन्त्य गरिने छ ।

५. **“ज्येष्ठ नागरिक समाजको आधारः घरघरमै स्वास्थ्य परिक्षण र उपचार”** ( ज्येष्ठ नागरिकसँग मेयर कार्यक्रम मार्फत ६८ वर्ष माथिको ज्येष्ठ नागरिकहरुको घरघरमा स्वास्थ्य परिक्षण गरी आवश्यक स्वास्थ्य परामर्श प्रदान गरिने छ ।

६. **महिलासँग उपमेयर** कार्यक्रम मार्फत महिलाहरुलाई सीपमूलक तथा आयआर्जन कार्यक्रम संचालन गरिने छ ।

७. महिलाहरुमा देखिने पाठेघरको क्यान्सर, स्तन क्यान्सर लगायतका स्वास्थ्य समस्याको बेलैमा पहिचान गरी स्वास्थ्योपचारको व्यवस्था मिलाउन महिला स्वास्थ्य शिविर संचालन गरिने छ ।

८. अन्य निकायसँगको समन्वय र सहकार्यमा निःशुल्क मृगौला परिक्षण शिविर र मुटुरोग परिक्षण शिविर संचालन गरिने छ ।

९. रामेछाप नगरवासीको मुख्य पेशा पशुपालन र कृषि रहेको अवस्थालाई मध्यनजर गर्दै, पशु विमा कार्यक्रमलाई विस्तार गरिने छ ।

१०. वैदेशिक रोजगारीबाट फर्केका युवाले कुनै व्यावसाय गर्न चाहेमा प्रोत्साहन स्वरुप अनुदान रकमको व्यवस्थाका साथै युवाहरुको रोजगारीको लागि वैदेशिक रोजगारी लक्षित तथा स्वरोजगारमूलक सीप विकास तालिम संचालन गरिने छ ।

११. दलित समुदायको उत्थानको लागि पेशाको आधुनिकीकरण र प्रविधि हस्तान्तरण गरिने छ ।

१२. दलित, मगर तथा अन्य समुदायको लागि पञ्चेवाजाको तालिम तथा पञ्चेवाजा सामग्री उपलब्ध गराइने छ । यसको लागि ईच्छुक समूह बनाई तालिम र वाद्य सामग्री उपलब्ध गराईने छ।

१३. रामेछाप नगरक्षेत्रमा रहेको MBBS चिकित्सक, इन्जिनियर एवंम् कृषि र पशु विकास क्षेत्रको विज्ञको अभावलाई परिपूर्ति गर्न सम्वन्धित विषयको स्नातक अध्ययन गर्न १/१ जनालाई छात्रवृत्ति उपलब्ध गराइने छ । यस्तो छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिबाट २ वर्ष सम्म नगरक्षेत्रमा स्वयं सेवकको रुपमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

१४. कृषिमा आधुनिकीकरण र व्यावसायीकरण गरिने छ । कृषि तथा पशुपालन क्षेत्रमा देखिएको समस्या तत्काल समाधान गर्न विज्ञ सहितको टोली तत्काल प्रभावित क्षेत्रमा पुग्न तथा कृषि तथा पशु उत्पादनको वजार पहुँचलाई सहज बनाउन र सहुलियत भाडामा ढुवानी व्यवस्था गर्नको लागि नगरक्षेत्रमा कृषि एम्बुलेन्सको व्यवस्था गरिने छ ।

१५. **“स्वच्छ र स्वस्थ श्वासः शान्त र शितल आवास”** द्धारा पर्यटकलाई आकर्षण गर्न पर्यटकीय होटल, रिसोर्ट खोल्नेलाई आवश्यक सहजीकरण र प्रोत्साहन गरिने छ । नगरक्षेत्रमा तारे होटल वा रिसोर्ट खोलेमा खानेपानीको अभाव नहुने व्यवस्था मिलाइने छ । साथै पूर्वाधार निर्माणमा सहजीकरण गरिने छ ।

१६. **“उज्यालो नगर सुरक्षीत शहर”** रात्रीकालिन समयमा नागरिकहरुको सुरक्षा र व्यावसायको सुरक्षालाई ध्यान दिई शहरीकरण उन्मुख रामेछाप, साँघुटार लगायतका वजार क्षेत्रमा सौर्यसडक बत्ती एवंम् CCTV जडानको लागि आवश्यक पहल गरिने छ।

१७. **“स्थानीय सरकारको अपरिहार्यताः उत्तरदायित्व र पारदर्शिता”** स्थानीय सरकारलाई जनताप्रति उत्तरदायी बनाउन र जनताका नजिकको सरकारको उपस्थिति जनाउन रामेछाप नगरपालिकाको सेवा प्रवाहलाई जनउत्तरदायी र पारदर्शी वनाई नागरिकलाई सुशासनको प्रत्यक्ष अनुभुति गराइने छ । नगरपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवालाई सूचना प्रविधि सँग आवद्ध गरिने छ ।

१८. यस रामेछाप नगरपालिकामा वहुसंख्यक रुपमा रहेको तामाङ समुदायको भेषभूषा, संस्कृति संरक्षण र सम्वद्र्धन गरिने छ ।

१९. राष्ट्रकै अल्पसंख्यक जातीको रुपमा रहेको हायू जातीको भेषभूषा र संस्कृतिको संरक्षण र सम्वद्र्धन गरिने छ ।

२०. **“महंगो शुल्क तिर्ने क्षमता छैन हाम्रोः निजी भन्दा सामुदायिक विद्यालय राम्रो”** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार लाई उच्च प्राथमिकतामा राखिने छ । सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पढाई संचालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

२१. **“स्वस्थ नागरिकः समृद्ध नगर”** -आधारभूत सेवाको रुपमा रहेको स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच पुर्याइने छ । नगरपालिका क्षेत्रमा रहेका स्वास्थ्य संस्थाको स्त्तरोन्नती, क्षमता अभिवृद्धि र संस्थागत विकास गरिने छ ।

२२. **“दिगो पूर्वाधारः समृद्ध नगरको आधार”** -पूर्वाधार निर्माणमा दिगो विकास सिद्धान्तलाई आत्मसात गरिने छ। विकास योजनाका कार्यको गुणस्तर जाँच गर्न नगरपालिकामा गुणस्तर परिक्षण ल्याव स्थापना गरिने छ ।

२३. नगरपालिका भित्र रहेका सार्वजनिक स्थल, जग्गा जमिन, मठ मन्दिर, गुम्बा लगायत सार्वजनिक सम्पत्तिको अभिलेख तयार गरी संरक्षण र सम्वद्र्धन गरिने छ ।

२४.नागरिकको स्वास्थ्य सेवामा पहुँच र सेवा सुनिश्चितताको लागि रामेछाप अस्पतालमा विभिन्न विषयका विशेषज्ञ चिकित्सकको व्यवस्था, सवै स्वास्थ्य संस्थाहरुमा ल्याव परीक्षणको व्यवस्था, क्षमता अभिबृद्धि र संस्थागत विकासका साथै नियमित रुपमा चिकित्सकीय सेवा उपलब्ध हुने गरी साँघुटार स्वास्थ्य चौकीको स्तररोन्नति गरी स्वास्थ्य सेवालाई  प्रभावकारी बनाउन आवश्यक पहल गरिने छ।

२५.नगरपालिकाभित्र निर्माण हुने संरचनाहरुलाई अपांगमैत्री वनाईने छ।फरक क्षमता भएका व्यक्तिहरुको लागि क्षमता अनुसारको सीप तथा सामाग्री हस्तान्तरण गरीने छ ।

२६.वालमैत्री स्थानीय शासनको अवलम्वन गरी वालवालिकाको सर्वपक्षीय विकास गरिने छ।

## विषय क्षेत्रगत नीतिहरु

## (अ) आर्थिक विकास नीतिहरु

### कृषि विकास

- खाद्यन्न बालिको बिउ उत्पादनको लागि कृषि समुह, सहकारी कृषि कम्पनी , फर्म मार्फत बिउ बैङ्क स्थापना र वितरणको व्यवस्था गरिने छ।
- राष्ट्रिय नीति अनुरुप यस नगरपालिकामा रहेका किसानहरुको तथ्यांक संकलन र सूचिकरण गरी परिचयपत्रको व्यवस्था मिलाईने छ ।
- खाद्य, तरकारी तथा फलफुल बाली उत्पादन बृद्धिको लागी सवै बडाहरुमा माटो परीक्षण सिविर संचालन गरिनेछ।
- तरकारी तथा फलफुलको उत्पादन बृद्धि तथा परनिर्भरता न्यूनिकरणको लागी क्षेत्र बिस्तार गरिने छ।
- बेरोजगार तथा बैदेशिक रोजगारबाट आएका युवाहरुलाई लक्षित गरी फलफुल तथा तरकारी खेतीमा आवश्यक अनुदान सहयोग र सहजिकरण गरिने छ।
- खाद्यन्न, तरकारी तथा फलफुल बालीमा बिभिन्न रोग किरा रोकथाम गर्न बिषादीको व्यवस्थापन गरिने छ।
- कृषि उत्पादनमा सहज, सरल सुलवका लागि कृषिमा आधूनिकिकरण गर्न कृषि यन्त्रिकरणको व्यवस्था गरिने छ।
- सिचाई नभएका सुख्खा क्षेत्रमा आकासे पानी संकलनको लागी प्लाष्टिक पोखरी निर्माण गरि सिचाईको व्यवस्था गरिने छ।
- कृषि एम्वुलेन्सको व्यवस्था गरी कृषकहरुले उत्पादन गरेको खाद्यन्न, फलफुल, तथा तरकारी बालीहरु उत्पादन गरेको स्थान, संकलन केन्द्रबाट बजारसम्म ढुवानी गर्ने व्यवस्था गरिने छ ।
- नदि किनारका माझी समुदायका व्यक्तिहरुको जीवनस्तरलाई माथी उठाउन र माछा मार्ने व्यवसायको संरक्षण गर्न लिखु नदिमा माछाको भुराहरु छोड्ने कार्य गरिने छ।

### पशुपन्छी तथा मत्स्य विकास

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपंछी पालन व्यवसायलाई व्यवस्थित र विकासित तुल्याउन र मानव समुदायको स्वास्थ्यका दृष्टिकोणबाट समेत पशुपन्छी, पशुपन्छीजन्य पदार्थ उत्पादन तथा उत्पादित सामग्रीको बिक्री वितरण र उपभोग को प्रभावकारी व्यवस्थापन गर्न निम्न नीतिहरु लिईएको छ।

- पशुपन्छीमा बिभिन्न समयमा संक्रामक महामारीको रुपमा देखापरी ठुलो आर्थिक क्षती पुर्याउने रोगहरुको सर्भिलेन्स, अन्वेषण, पहिचान, रोगथाम, नियन्त्रण तथा अनुगमन सम्बन्धी कार्यहरु कार्यन्वयनको व्यवस्था मिलाईने छ ।
- पशुधन सुरक्षाको लागि व्यवसायिक पशुपन्छी फर्महरुको पशुपन्छी निःशुल्क विमा गरिनेछ ।

- पशुपालन व्यवसायलाई प्रबर्द्धन तथा दुधमा आत्मनिर्भरताको लागि सुत्केरी गाईरभैसीं स्याहार तथा पोषण अनुदानको व्यवस्थाका साथै सुत्केरी गाई भैसी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपन्छीको उपचारको लागि आवश्यक पर्ने औषधी खरिद गरी वडा प्राविधिक मार्फत निःशुल्क बितरण तथा पशुपन्छी उपचार सेवामा निरन्तरता गरिनेछ ।
- पशुपन्छीको रोग पहिचान गर्न रामेछाप नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखामा पशुपन्छी प्रयोगशाला स्थापन गरी पशुपन्छीको उपचार तथा रोग पहिचानको लागि आवश्यक प्रविधिको विकास गरिनेछ।
- पशुपन्छीहरुमा लाग्ने महामारी नियन्त्रणको लागि रोगनिरोधक खोप कार्यक्रम नियमित र निःशुल्क संञ्चालन गरिनेछ ।
- जोनोटिक रोग (पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने रोगहरु) रोकथाम तथा नियन्त्रणको लागि घरपालुवा कुकुर र विरालोहरुमा निःशुल्क खोपको व्यवस्था मिलाईने छ।
- परम्परागत निर्वाहमुखी पशुपन्छी पालन पेशालाई व्यवस्थित तथा व्यवसायिककरणको लागि व्यवसायिक फर्म,समुह तथा अगुवा कृषकहरुलाई व्यावसायिक अभिमुखिकरण तालिम प्रदान गरि प्राविधिक ज्ञान, सिपको विकास गरिनेछ।
- गाईरभैसींमा हुने बाँझोपन निवारणको लागि भिटामिन, मिनिरलवितरण तथा आन्तरिक र बाह्‍य परजिवी नियन्त्रण शिविरका साथै कृतिम गर्वधारण, नश्ल सुधार एवम् आवश्यक स्थानमा २ वटा उन्नत जातको रागो वितरणको व्यवस्था मिलाईने छ ।

## राजश्व, उद्योग र सहकारी

- दलित, आदीवासी जनजाती, लोपोन्मुख तथा अल्पसंख्यक जात जातीहरुको धर्म संस्कृतिको संरक्षण, पेशा आधुनीकिकरण, क्षमता अभिवृद्धी तथा प्रविधिमा सहयोग, विदेशवाट फर्किएका तथा वेरोजगार युवाहरुलाई लक्षित गरी सिप विकास र उद्यमशिलता तालिम सहित ५० प्रतिशत अनुदानमा व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- राजश्व संकलनलाई चुस्त, दुरुस्त, प्रभावकारी, र पारदर्शी बनाउने कार्यमा लागि नगरपालिका तथा सम्पूर्ण वडा कार्यालयहरुमा अनलाइन सफ्टवयर प्रणाली मार्फत सम्पूर्ण राजश्व, शुल्क र सम्पति कर संकलन कार्यलाई निरन्तरता दिइनेछ ।
- उपभोक्ताको हित संरक्षण गर्ने प्रयोजनका लागि वजार अनुगमन गर्ने दायित्व स्थानीय तहलाई तोकिएकोले उपभोक्ताको स्वास्थ्य,सुविधा र आर्थिक हित कायम राख्न सवै वडामा रहेको पसलहरुको नियमित रुपमा अनुगमन गरिनेछ । साथै उपभोक्ता हक हितका लागि अन्तरक्रिया र सहजिकरणको कार्यक्रम संचालन गरिनेछ ।
- पाच लाख सम्म पूँजि भएका प्राइभेट तथा साझेदारी फर्महरु दर्ता,नविकरण ठाउसारी ,नामसारी उद्देश्य थप र इजाजत प्रदान गर्ने जस्ता कार्यलाई निरन्तरता दिइनेछ ।
- उद्यमीहरुको स्तरोन्ती गरी आय आर्जनमा बृद्धिका लागि सवै वडाहरुमा कम्तिमा १५ जना दरले १३५ जनालाई उद्यमशिलता विकास तालिम दिइनेछ । साथै रुग्न रुपमा रेहका उत्पादनमूलक उद्योगहरुलाई स्तरोन्नतीका लागि उद्योगलाई अति आवश्यक पर्ने मेसिन उपकरणहरु अनुदानमा प्रविधि हस्तान्तरण गर्ने

कार्यलाई निरन्तरता दिइनेछ ।साथै परम्परागत पेशालाई आधुनिकिकरण गर्न प्रविधि हस्तान्तरण गर्ने र युवा ब्यवसायीहरुलाई प्रोत्साहन कार्यक्रम संचालन गर्ने ।

- यस नगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरु मध्ये निष्कृय रहि नगरपालिकामा सम्पर्कमा नआई वा नियमित प्रतिवेदन नबुझाएका सहकारी संस्थाहरुको अनुगमन गर्ने र उत्कृष्ट सहकारी संस्थाहरुलाई अनुदानको ब्यवस्था गर्ने ।
- रामेछाप नगरपालिकाको सहकारी ऐन २०७५ अनुसार नगर कार्य क्षेत्र हुने गरी स्थापना हुने कार्यक्रमलाई निन्तरता दिईनेछ । रामेछाप नगरपालिका भित्र कार्य क्षेत्र हुने सवै सहकारी संस्थाहरुलाई (COPOMIS) तालिम संचालन गरी विद्युतीय प्रणाली मार्फत सवै खालका प्रतिवेदनहरु लिइने छ ।
- नगरक्षेत्र भित्रका वेरोजगारहरुको तथ्यांक संकलन तथा श्रमिक वैंक तयार गरी सीप र क्षमता अनुसार तथा उपयुक्त क्षेत्रमा परीचालन गरिनेछ ।

## (आ) सामाजिक विकास नीतिहरु

### स्वास्थ्य क्षेत्र सम्वन्धी नीतिहरु

- जेष्ठ नागरिकहरुसँग मेयर कार्यक्रम मार्फत जेष्ठ नागरीकहरुको घरघरमै स्वास्थ्य परीक्षण गरिने छ।
- नगर क्षेत्र भित्रका दलित जेष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य वीमा गरिनेछ।
- जिल्ला अस्पताल रामेछापमा विशेषज्ञ चिकित्सकको सेवालाई निरन्तरता दिइनेछ ,
- जिल्ला अस्पताल रामेछापमा व्लडवैंक स्थापना गरिनेछ। साथै आँखा उपचार सेवालाई निरन्तरता दिईने छ।
- सवै बालबालिकाहरुलाई पूर्ण खोपको सुनिश्चितताका लगि खोप सेवाको गुणस्तर तथा कभरेजमा वृद्धि गरिनेछ।
- मातृ तथा नवशिशु कार्यक्रमका लागि संस्थागत सुत्केरी सेवा विकास गर्न सवै बर्थिङ सेन्टरहरुलाइ व्यवस्थित गरिने छ ।
- गर्भवति तथा सुत्केरी महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
- नगरका सवै वडाहरुमा सर्वशुलभ स्वास्थ्य सेवा पु¥याउन घुम्ति स्वास्थ शिविरको आयोजना गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुको सेवालाइ उच्च मूल्याङ्कन गर्दै आवश्यक प्रोत्साहन तथा तालिमको व्यवस्था गरिनेछ ।
- सूर्तिजन्य पदार्थ रोकथाम तथा नियन्त्रणका लागि आवश्यक वजेटको व्यवस्थापन गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाहरुमा वर्षैभरी पुग्नेगरी निःशुल्क वितरण गरिने तथा अत्यवश्यक औषधिहरुको उपलब्धता लाइ निरन्तरता दिइनेछ ।
- आयुर्वेद स्वास्थ्य सेवा विस्तारका लागि नागरिक आरोग्य केन्द्र सञ्चालन तथा आयुर्वेदिक औषधीको प्रवन्ध गरिनेछ।

- चिकित्सकीय सेवा प्रवाह हुने गरी साँघुटार स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्ती गर्नका लागि संघीय सरकारलाई अनुरोध गरिनेछ ।
- बावियाखर्क र थाक्लेडाडा शहरी स्वास्थ्य केन्द्रको भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

## शिक्षा क्षेत्रसँग सम्वन्धित नीतिहरु

- रामेछाप नगरक्षेत्रमा रहेको MBBS चिकित्सक, इन्जिनियर एवंम् कृषि र पशु विकास क्षेत्रको विज्ञको अभावलाई परिपूर्ति गर्न सम्वन्धित विषयको स्नातक अध्ययन गर्न १/१ जनालाई कार्यविधि वनाई उचित छात्रवृत्ति प्रदान गरिनेछ ।
- नगरक्षेत्रभित्रका सामुदायिक विद्यालयमा विज्ञान विषय लिई कक्षा ११, १२ मा अध्ययन गर्न छात्र/छात्राहरु मध्ये प्रत्येक वडाबाट १/१ जनालाई छात्रवृत्ति उपलव्ध गराईने छ ।
- बाल कक्षा शिक्षक तथा सहजकर्ता, विद्यालय कर्मचारीहरु र नगरपालिकाले व्यवस्थापन गरेको स्वयंसेवक शिक्षकहरुलाई प्रोत्साहन स्वरुप साविक बमोजिमको पारिश्रमिकमा संघीय सरकारले वढाएको रकम थप गरी पारिश्रमिक उपलब्ध गराइनेछ।
- बालबालिकाहरुको सहज पहुचमा विद्यार्थी भर्ना दर उपस्थिति दर एवं उतीर्ण दरमा अभिबृद्धि तथा कक्षा छाड्ने दर र कक्षा दोहोर्याउने दरमा कमी ल्याने प्रकृतिका विद्यार्थी प्रोत्साहन शैक्षिक कार्यक्रमहरु, निःशुल्क पाठ्यपुस्तक, छात्रबृत्ति, दिवा खाजा र सेनेटरी प्याड सुविधालाई निरन्तरता दिईनेछ ।
- एक विद्यालय एक स्वास्थ्यकर्मी (नर्स) कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- विद्यालय तहको तथ्यांकको अद्यावधिकिकरण र सूचना तथा अभिलेखलाई डाटावेस तयार गरी व्यवस्थित रुपमा प्रतिवेदनका साथै शिक्षण सिकाईका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- नमूना विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास कार्यक्रम र प्राविधिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- विद्यालय स्तरीय पाठ्यक्रम संरचना अनुसार आधारभूत तहकालागि क्रमशः स्थानीय विषयको पाठ्यक्रम परिमार्जनका साथै पठनपाठनलाई निरन्तरता दिईनेछ ।
- शैक्षिक गुणस्तर अभिबृद्धि केन्द्रित शैक्षिक कार्यक्रमहरु विशेष गरी शैक्षिक सामाग्री, विज्ञान प्रयोगशाला, सूचना तथा प्रविधि प्रयोगशाला र पुस्तकालय व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विद्यालयमा अध्ययनरत बालबालिकाहरुको बाल मस्तिष्क सिर्जित प्रतिभाहरुलाई सम्मान र प्रोत्साहनका लागि प्रतिभा पहिचान प्रतियोगितालाई निरन्तरता दिईनेछ ।
- नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्न आवश्यक पहल गरिने छ।
- उच्च सिकाई उपलब्धीमा सुदृढीकरण योजना र शिक्षण सिकाई कार्यमा समय बिताउने सुधार योजना निर्माण र सो को कार्यान्वयनका लागि विद्यालय र शिक्षक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- एक्काईसौं शताब्दीका बालबालिकाहरुको रुची र आवश्यकतालाई क्रमशः सम्बोधन गर्नका लागी आधारभूत तह देखि माध्यामिक तह सम्मकालागि अंग्रेजी माध्यमको पठनपाठनलाई प्रोत्साहन गरिने छ ।
- विद्यालय भौतिक र शैक्षिक पूर्वाधार विकास तथा शिक्षकको पेशागत क्षमता विकासका लागि तहगत संघ र प्रदेश स्तरीय शैक्षिक निकायहरु एवं गैर सरकारी संस्थाहरु सँगको आपसी समन्वय, साझेदारी र सहकार्यको संस्कृतिलाई कायम राखीनेछ ।

- विद्यालय अनुगमन र सुपरिवेक्षण कार्यलाई प्रभावकारी र नतिजामुलक बनाउन एकीकृत अनुगमन संयन्त्र परिचालन गरिनेछ ।
- विभिन्न संघ संस्थाहरुको समन्वय र सहकार्यमा नगर पुस्तकालय स्थापना गरिनेछ ।
- राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद नारालाई सार्थकता प्रदान गर्न महिला, पुरुष, किशोर किशोरीहरुको सहभागीतामा विभिन्न खेलकुद कार्यक्रमहरु संचालन गरिनेछ ।
- विद्यालय स्तरीय खेलकुद गतिविधि संचालनको लागि राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- कक्षा ११-१२ मा अध्यन गर्ने विद्यार्थीहरुलाई आय आर्जनको लागि "पढ्दै कमाउदै" कार्यक्रम संचालन गरिने छ।

## महिला तथा बालबालिका क्षेत्रसँग सम्वन्धित नीतिहरु

- महिलासँग उप मेयर कार्यक्रम माफत महिलाहरुको सिप तथा क्षमता विकास र आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महिला विरुद्ध हुने सबै प्रकारको विभेद, शोषण  अन्याय र अत्याचारको अन्त्य गर्न विविध कार्यक्रम सञ्चालन गरिने छ ।
- रामेछाप नगरपालिकालाई २०७९ साल चैत्र मसान्त भित्र बालमैत्री नगर घोषणा गर्नका लागि वालमैत्री स्थानीय शासन सम्वन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- टोल विकास संस्था गठन गरी विकास कार्यमा परिचालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि विविध कार्यक्रम सञ्चालन गरिने छ ।
- हिंसा पिडित महिलाहरुको लागि निशूल्क कानूनी तथा मनोसामाजिक परामर्श सहितको सेवा प्रदान गरि पारिवारिक तथा सामाजिक पुनः मिलन नहुन्जेलसम्म आवश्यक संरक्षण गरिनेछ ।
- लैङ्गिक हिंसा न्युनिकरणका लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- महिलाहरुको कार्यबोझ कम गर्नका लागि महिला पुरुष समविकास तालिम सञ्चालन गरिनेछ ।
- लैङ्गिक हिसां विरुद्धका राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु सञ्चालन गरिनेछ ।
- लैङ्गिक उत्तरदायी बजेटलाई प्रभावकारी कार्यान्वयन गर्न लैंङ्गिक उत्तरदायि बजेट परिक्षण गरिनेछ ।
- महिलाहरुमा भएको परम्परागत ज्ञान, सिप, क्षमता र अनुभवलाई संरक्षण र प्रयोग गरि आत्मनिर्भर तथा व्यवसायिक बन्न उत्प्रेरित गरिनेछ ।

- बालबालिका तथा किशोर किशोरी माथी हुने सबै प्रकारका हिंसा, शोषण, अन्याय, र अत्याचारको अन्त्य गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल विवाह तथा बालश्रमको अन्त्य गरि बाल विवाह तथा बालश्रम मूक्त नगर घोषणाका लागि आवश्यक कमार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- हिसां पिडित बालबालिका तथा किशोर किशोरीलाई संरक्षण गरी न्याय पहुँचमा अभिवृद्धिका साथै बालमैत्री व्यवहार तथा बालमैत्री भौतिक संरचना निर्माणमा पहल गरिनेछ ।
- जेष्ठ नाागरिकहरुको ज्ञान, सिप र अनुभवको प्रयोग गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति तथा परिवारका सदस्यहरुका लागि सिप विकास तालिमका साथै मागमा आधारित अपाङ्गता सहायक सामाग्रीको प्रवन्ध मिलाईने छ ।
- व्यवसाय सञ्चालन गरेका अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मान गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुले उत्पादन गरेका सामाग्रीहरुको प्रचार प्रसारमा सहयोग गर्ने तथा उक्त सामाग्रीको विविधिकरण, व्यवसायिकरण र वजारीकरणमा सहयोग पुर्याइनेछ ।
- घरेलु हिंसा अन्त्यका लागि वहस पैरवी र जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

## (इ) सुशासन तथा संस्थागत विकास नीतिहरु

- नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि क्षमता विकास सम्वन्धी विविध विषयका तालिम कार्यक्रम संचालन तथा सफल नगरपालिकाहरुको अध्ययन अवलोकन भ्रमणको प्रवन्ध मिलाईनेछ ।
- नगरकार्यपालिकाको कार्यालय,वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु एवम् मातहतका अन्य संघसंस्था बाट हुने सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त र प्रभावकारी वनाउन सूचना प्रविधिको अधिकतम् प्रयोग गरिनेछ।
- नगरपालिकालाई आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधिहरु आवश्यकताअनुसार निर्माण गरी नगर सुशासनलाई प्राथमिकता दिइनेछ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षणको माध्यमबाट जनताप्रतिको जवाफदेहिता सुदृढ गरिनेछ।
- कार्यालयका गतिविधि वारेमा राष्ट्रिय तथा स्थानीय पत्रिका, रेडियो मार्फत सूचना प्रशारणर प्रकाशन गरी नागरीकलाई सुसूचित गरिनेछ ।
- नगरपालिकाबाट जारी भएका ऐन, नियम, कानूनका वारेमा सरोकारवालाहरुलाई आवश्यकता अनुसार अभिमुखीकरण गरिनेछ ।
- सार्वजनिक खरिद कार्यलाई प्रतिर्पर्धात्मक बनाउन विद्युतिय वोलपत्र विधिलाई उच्च प्राथमिकता दिईनेछ ।
- नगरपालिकाको सार्वजनिक जग्गा जमिनको लगत संकलन गर्ने र सार्वजनिक जग्गा अतिक्रमण गरी घरटहरा निर्माण गर्न निरुत्साहित गरिनेछ ।

- नगरपालिका तथा वडाहरुमा दरवन्दी अनुरुपका कर्मचारीहरुको पदपूर्ति गरी कर्मचारी कार्य विवरण तोकी परिचालन गरिनेछ । कर्मचारीहरुलाई उत्प्रेरित गर्न नगरपालिकाको साधन स्रोतका आधारमा समय सापेक्ष सेवा सुविधा उपलब्ध गराईने छ ।
- व्यक्तिगत घटना दर्ता पद्धतिलाई अझ वढी प्रभावकारी र सूचना प्रविधिमैत्री बनाईनेछ।
- सामाजिक सुरक्षा भत्ता वैंकिङ प्रणालीमार्फत गरिदै आएकोमा यस कार्यलाई अझ सरलीकृत वनाउन आवश्यक प्रयत्न गरिनेछ ।
- न्यायिक समितिमा दर्ता हुन आएका विवादहरुलाई व्यवहारिक तथा कानून सम्मत रुपमा मेलमिलापको सिद्धान्तलाई आत्मसाथ गर्दै निरुपण प्रकृयालाई निरन्तरता दिइनेछ। वेरुजु फर्छ्यौटका लागि कानूनी प्रक्रिया अगाडी वढाई वेरुजु रहने अवस्थाको अन्त्य गर्नका लागि पेश्की शुन्य नीति अपनाईनेछ ।
- योजना अनुगमनको क्रममा आवश्यकता वमोजिम विषयक्षेत्र सँग सम्वन्धित विज्ञ सहितको अनुगमन प्रकृया अवलम्वन गरिनेछ ।
- अनलाईन नक्सा पास प्रणालीको लागि सफ्टवेयर जडान गरी घर नक्सा पासको व्यवस्थाका साथै विकास निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीको गुणस्तर परीक्षणको लागि इन्जिनियरिङ्ग उपकरणको व्यवस्था मिलाईने छ ।

## (ई) वन, वातावरण तथा विपद व्यवस्थापन नीतिहरुः

- महामारी रोकथाम तथा नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रम, सन्देशहरुको प्रकाशन तथा प्रशारण गरिनेछ ।
- जल, जमिन, जंगल (३ ज) को संरक्षण गर्दै प्रदुषण रहित खोला नाला, हराभरा बनजंगल र स्वच्छ बातावरणको विकास गर्दै लगिनेछ ।
- सबै सामुदायिक बन उपभोक्ता समूहहरुमा नर्सरी स्थापना गरि बृक्षारोपण गर्न प्रोत्साहन अभियान संचालन गर्दै उचित स्थानहरुमा पोखरी निर्माण अभियान संचालन गरिनेछ ।
- खुल्ला स्थानहरुमा वृक्षारोपण गर्दै जाने र निर्माण सम्पन्न सडकका दाँयाबाँया वातावरण अनुकूल विरुवाको वृक्षारोपण क्रमशः गर्दै जाने नीति लिइनेछ ।
- बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने भू—क्षयीकरणलाई रोकथाम गर्नको लागि जोखिमयुक्त स्थानहरुमा तटबन्ध निर्माण लगायतका उपायहरुका लागि आवश्यक पहल गरिने छ ।
- फाहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साईडको निर्माणका साथै फोहोरलाई स्रोतमा नै न्यूनीकरण गर्न, पृथकीकरण गर्न, पुनःप्रयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- जल उत्पन्न प्रकोपका लागि सजगता अपनाई यसबाट पर्न जाने प्रभाव नियन्त्रणका लागि साझेदार संस्थासँग सहकार्य गरिने छ ।
- नगर प्रहरीलाई प्रभावकारी रुपमा परिचालन गरी शान्ति सुरक्षा र बातावरणीय स्वच्छता कायम राख्दै यातायातको सु—व्यवस्थापन गरिने छ ।
- रामेछाप नगरपालिका जलवायु परिवर्तनको असरबाट प्रत्यक्ष रुपमा प्रभावित भएको, पानीको मुहानहरु सुक्दै गई रहेको हुंदा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि साझेदारहरु संगको सहकार्यमा लागि जोड दिईनेछ । यस्तो समस्या समाधानका लागि प्रदेश सरकार र संघीय सरकारमा समेत बिशेष अनुरोध गरिनेछ।

- वातावरणसँग सरोकार राख्ने संघ संस्थासँग समन्वय गरी बातावरणको संरक्षणका कार्यहरु गरिनेछ ।
- समसामयिक स्वास्थ्य अवस्थालाई मध्यनजर राख्दै खरिद गरिएका एम्बुलेन्सको प्रभावकारी रुपमा संचालनको प्रवन्ध गरिने छ ।
- विपद जोखिम न्यूनिकरणका लागि अवाश्यक पूर्व तयारीका सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

## (उ) पूर्वाधार विकास नीतिहरुः

- संघ र प्रदेश सरकारवाट नगरलाई नियमित रुपमा प्राप्त हुने विभिन्न अनुदान रकम बाट सञ्चालन हुने गरी योजना छनौटमा हुने छड्के प्रवेशको अन्त्यका लागि आगामी वर्षदेखि स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा नगरकार्यपालिकाबाट प्राथमिकिकरण सहित सिफारिश गरिएका आयोजना र कार्यक्रमहरुमा मात्र रकम विनियोजन गर्न संघ तथा प्रदेश सरकारलाई अनुरोध गर्दै सोही अनुसार मात्र ठुला पूर्वाधार आयोजना सञ्चालनको प्रवन्ध मिलाईनेछ ।
- भागवण्डाको रुपमा विभिन्न वाहनामा हुने वजेट वाँडफाँड र टुक्रे योजनाहरु छनौट कार्यलाई निरुत्साहीत गर्दै नतिजामूलक र दीगो विकासका आयोजना र कार्यक्रम छनौटलाई प्राथमिकता दिइनेछ ।
- नगरपालिका क्षेत्र भित्र भएका संघिय तथा प्रदेश कार्यालयहरु सँग समन्वय गरि साझेदारितामा पुर्वाधार विकासका कार्यहरु संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- उपभोक्ता समिति मार्फत संञ्चालन हुने योजनाहरुमा टोल सुधार समितिहरु परिचालन गरी कार्यान्वयनको व्यवस्था मिलाईने छ ।
- मुल सडकहरुमा बाह्रै महिना सहजता पूर्वक यातायात संचालनको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।
- सडक मापदण्डलाई र राष्ट्रिय भवन संहितालाई कडाईका साथ पालना गरिने छ ।
- आन्तरिक तथा बाह्रय पर्यटक प्रबद्र्धन गर्दै रोजगारी श्रृजना गर्न नगरका विभिन्न स्थानमा होमस्टे खोल्न प्रोत्साहन गरिने छ ।
- रामेछाप बजारमा व्यवस्थित हाट बजार र बसपार्कको निर्माणका लागि आवश्यक पहल गरिने छ ।
- नगर क्षेत्रमा संचालन गरिने सबै विकास निर्माणका कार्यहरुलाई बालमैत्रि अपांग मैत्री हुने गरि निर्माण कार्यमा जोड दिईनेछ ।
- उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना र कार्यक्रमहरुमा महिला ,युवा तथा अपाङ्गता भएका व्यक्तिहरुको नेतृत्वदायी भूमिकालाइ प्राथमिकता दिइनेछ ।
- छिमेकी पालिकासँग साझा सरोकारका विषय र विकास निर्माण कार्यमा सहकार्य र साझेदारी गरिने छ ।

सभाध्यक्ष महोदय**,**

अव म उपरोक्त नीतिहरुको कार्यान्वयनको लागि रामेछाप नगरपालिकालाई आगामी आ.व.२०७९/८० मा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष, राजश्व वाँडफाट, समपुरक र समानीकरण अनुदान एवंम् रामेछाप नगरपालिकाको आन्तरिक श्रोत समेतबाट प्राप्त हुने प्रस्तावित वार्षिक आय व्ययको अनुमान सहितको वार्षिक कार्यक्रम तथा वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्षमा सञ्चित कोष तर्फ संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान १६ करोड ४२ लाख, सशर्त अनुदान चालु २५ करोड २७ लाख, सशर्त अनुदान पुँजिगत १ करोड ८८ लाख, विशेष

अनुदान पुँजिगत १ करोड २० लाख, समपुरक अनुदान पुँजिगत १ करोड ५० लाख, बागमती प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान १ करोड ६१ लाख ४१ हजार, सशर्त अनुदान चालु ५९ लाख २ हजार, सशर्त अनुदान पुँजिगत १ करोड ५० लाख, समपुरक अुनदान पुँजीगत २ करोड ९५ लाख ५८ हजार, संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत प्राप्त हुने १७ करोड ९९ लाख ३ हजार र नगरपालिकाको विभिन्न शिषर्कबाट प्राप्ट हुने आन्तरिक आयबाट प्राप्त हुने १ करोड ८ लाख ८० हजार समेत गरी **कुल ७४ करोड ६५ लाख ८४ हजार** आम्दानी हुने अनुमान गरिएको छ।

त्यस मध्ये नगरकार्यपालिका कार्यालय तर्फ संघीय तथा प्रदेश सशर्त अनुदान सहित रु ४० करोड २८ लाख ५७ हजार २ सय ५२ रुपैया, विषयगत शाखा तर्फ ६ करोड २५ लाख ५० हजार र वडा कार्यालय तर्फ ७२ लाख समेत कुल रु. **४७ करोड २६ लाख ७ हजार २ सय ५२ रुपैया** चालु खर्च हुने अनुमान गरिएको छ। त्यसैगरी संघ तथा प्रदेश सशर्त, विशेष र समपुरक अनुदानबाट सञ्चालन हुने योजनाहरुको लागि रु. १० करोड ३० लाख ५८ हजार, संघ/प्रदेशसँग साझेदारीका लागि नगरले व्यहोर्नु पर्ने समपुरककोषका लागि रु.३ करोड ५५ लाख, नगरस्तरीय योजना तथा कार्यक्रमका लागि ५ करोड ९५ लाख ४८ हजार २ सय ४८ रुपैया, वडास्तरीय आयोजना र कार्यक्रमका लागि ५ करोड ९१ लाख ७० हजार ५ सय र विषयगत शाखा तर्फ १ करोड ६७ लाख समेत गरी जम्मा रु. **२७ करोड ३९ लाख ७६ हजार ७ सय** ४८ रुपैया पुँजीगत खर्च हुने अनुमान गरिएको छ। यसका साथै समय समयमा संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता, गरिबसँग विश्वेश्वर कार्यक्रम लगायत विभिन्न कार्यक्रमहरुमा प्राप्त हुने रकमलाई कार्यक्रमको उद्धेश्य अनुरुप आम्दानी बाँधी खर्च गरिनेछ।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षका लागि विषयगत रुपमा देहाय वमोजिम प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ।

## १.सामाजिक विकास

सामाजिक विकासका लागि कुल रु.४ करोड ६२ लाख ५० हजार विनियोजन भएको छ । यस बाट स्वास्थ्य, शिक्षा र महिला तथा वालवालिका क्षेत्रमा तपशिल अनुसार वजेट तथा कार्यक्रम विनियोजन गरिएको छ ।

- स्वास्थ्य तर्फ १ करोड २२ लाख ५० हजार विनियोजन गरी यसबाट जेष्ठ नागरीकहरुको स्वास्थ्य परीक्षणको लागि मेयरसँग जेष्ठ नागरिक कार्यक्रम, दलित जेष्ठ नागरिकहरुको निशुल्क वीमा, आखा उपचार सेवा विस्तार, निशुल्क औषधि वितरण, महिला स्वास्थ्य स्वयमसेवीका

प्रोत्साहन, गर्भवती महिलाहरुको लागि निःशुल्क एम्वुलेन्स सेवा तथा पोषण कार्यक्रम र जिल्ला अस्पताल रामेछापमा विशेषज्ञ चिकित्सकको निरन्तरता र व्लडवैंक स्थापना गर्ने लगायतका कार्यक्रमहरुलाई प्राथमिकता दिईएको छ।

- शिक्षा तर्फ २ करोड ६५ लाख विनियोजन गरी यसवाट रामेछाप नगरक्षेत्रमा रहेको MBBS चिकित्सक, इन्जिनियर एवंम् कृषि र पशु विकास क्षेत्रको विज्ञको अभावलाई परिपूर्ति गर्न सम्वन्धित विषयको स्नातक अध्ययन गर्न १/१ जनालाई छात्रवृत्ति कार्यक्रम, विद्यालय कर्मचारी र सहयोगी कार्यकर्ता पारिश्रीमक अनुदान, बालकक्षा तर्फका कर्मचारी पारिश्रमिक अनुदान, स्वयम सेवक शिक्षक सहयोग कार्यक्रम, शिक्षकलाई सूचना प्रविधि लगायतका क्षमता विकास तालिम र विद्यालय सुदृढिकरण कार्यक्रम, सामुदायीक विद्‌यालय व्यवस्थापन सहजिकरण, विद्‌यार्थी प्रतिभा पहिचान,स्थानीय पाठ्‌यक्रम परिमार्जन, राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगीता तथा विभिन्न खेलकुद लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ।
- महिला तथा वाललालिका तर्फ ७५ लाख विनियोजन गरी यसबाट महिला हिंसा न्यूनीकरण, महिलाहरुको सिप क्षमता तथा विकासका लागि महिलासँग उपमेयर कार्यक्रम, बालमैत्री स्थानीय शासन सम्वन्धी कार्यक्रम, टोल विकास संस्था गठन र सञ्चालन, घरेलु हिंसा अन्यका लागि वहस पैरवी र जनचेतनामुलक अभियान सञ्चालन, महिला पुरुष समविकास तालिम, सामाजिक विभेद न्यूनीकरण सम्वन्धी कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरुका लागि विविध कार्यक्रम सञ्चालन लगायत महिला वालवालिका सम्वन्धी विभिन्न दिवशीय कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## २.आर्थिक विकास

आर्थिक विकासका लागि कुल रु.२ करोड १२ लाख विनियोजन भएको छ । यस बाट कृषि तथा पशुपंछी विकास र राजश्व, सहकारी, उद्योग तथा उपभोक्ता हित संरक्षण क्षेत्रमा तपशिल अनुसार वजेट तथा कार्यक्रम विनियोजन गरिएको छ ।

- कृषि विकास तर्फ ८२ लाख रकम विनियोजन गरी यसबाट एक वडा एक उत्पादन कार्यक्रमलाई प्रोत्साहन गर्न सवै ठाँउमा यातायात सेवा नियमित रुपमा सञ्चालन नभएको अवस्थामा गाँउगाँउबाट रामेछाप हाटवजारमा आउने विभिन्न स्थानमा उत्पादित फलफुल, तरकारी, गेडागुडी लगायतका कृषि उपजहरु संकलित स्थानबाट सहुलियत दरमा ओसार पसार गर्न कृषि एम्वुलेन्सको व्यवस्था, ५० प्रतिशत अनुदानमा तरकारी खेतीमा युवा लक्षित कार्यक्रम सञ्चालन, मकैको विउ बैंक स्थापना र कृषि यान्त्रीकरण तथा औजार उपकरण वितरण, जुनार औषा किरा

नियन्त्रण तथा आकस्मिक वाली संरक्षण, कपास खेती प्रवर्द्धन एवंम् किसान सूचीकरण कार्यक्रमहरु सञ्चालन गरीने छ।

- पशु विकास तर्फ ५६ लाख ५० हजार रकम विनियोजन गरी यसबाट एक घर एक पशु बिमा कार्यक्रम र सुत्केरी गाई भैंसी पोषण, स्याहार तथा बजार व्यवस्थापनमा निरन्तरता, पशुपंछिका लागि औषधि खरिद र महामारी रोग नियन्त्रण, युवा स्वरोजगारका लागि ५० प्रतिशत अनुदानमा व्यवसायीक पशुपालन, अगुवा कृषकहरुलाई पशुपालन सम्वन्धि तालिम, नश्ल शुधार तथा कृतिम गर्वधारण र रागो वितरणको व्यवस्था लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ।
- राजश्व, सहकारी, उद्योग तथा उपभोक्ता हित संरक्षण तर्फ ७३ लाख ५० हजार रकम विनियोजन गरी यसबाट दलित, आदीवासी जनजाती, लोपोन्मुख तथा अल्पसंख्यक जात जातीहरुको धर्म संस्कृतिको संरक्षण, पेशा आधुनीकिकरण, क्षमता अभिवृद्धी तथा प्रविधिमा सहयोग, ५० प्रतिशत अनुदानमा युवाहरुलाई व्यवसाय प्रोत्साहित गर्न सिप विकास र उद्यमशिलता तालिम सञ्चालन तथा प्रविधिमा सहयोग, सिप विकास तालिम केन्द्र सञ्चालन, सहकारी संस्थाहरुको नियमन र व्यवस्थापनाका लागि सहकारी दर्ता पूर्व शिक्षा कार्यक्रम, सहकारी COPOMIS तालिम सञ्चालन,उत्कृष्ठ सहकारी अनुदान एवं राजस्व सम्वन्धी सफ्टवेयर तालिम सञ्चालन लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## ३. सुशासन तथा संस्थागत विकास

सुशासन तथा संस्थागत विकास तर्फ ६३ लाख रकम विनियोजन गरी यसबाट चुस्त, दुरुस्त र सेवाग्राहिमैत्री कार्यालय सञ्चानल र सेवा प्रवाहको व्यवस्था मिलाउन कर्मचारी र जनप्रतिनिधिहरुलाई क्षमता अभिवृद्धी तथा अध्ययन अवलोकन भ्रमण, प्रयोगमा रहेका सूचना प्रणालीहरुको मर्मत सम्भार र क्षमता अभिवृद्धी साथै नगर भरीका वडा कार्यालय, स्वास्थ्य चौकी, सार्वजनिक विद्यालयहरुमा इन्टरनेट व्यवस्थापनमा सहयोग, सार्वजनिक सुनवाई, न्यायीक समिति व्यवस्थापन र क्षमता अभिवृद्धी र संघ प्रदेस र स्थानीय तह वीच समन्वय र सहकार्यमा सहयोग पुर्याउने कार्यक्रमहरु सञ्चालन हुने छन् ।

## ४. वन वातावरण र फोहोर मैला व्यवस्थापन

वन वातावरण र फोहोर मैला व्यवस्थापन तर्फ रु ५५ लाख विनियोजन गरी यसबाट वर्षाका कारण क्षति भएका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार, प्रकोप तथा महामारी नियन्त्रणका लागि प्रकोप व्यवस्थापन कोषको व्यवस्था, विपद पूर्व तयारी सम्वन्धी सामग्री र फोहोर मैला व्यवस्थापन सम्वन्धी कार्यक्रम सञ्चालन हुने छ ।

## ५. पूर्वाधार विकास

पूर्वाधार विकासका लागि संघ तथा प्रदेश सरकारबाट सशर्त, विशेष र समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुको लागि १० करोड ३० लाख ५८ हजार, वडास्तरीय आयोजना र कार्यक्रमको लागि रु. ५ करोड ९१ लाख ७० हजार ५ सय र नगरस्तरीय आयोजना र कार्यक्रमका लागि ९ करोड ५० लाख ४८ हजार २ सय ४८ रुपैया र विषयगत शाखा तर्फको रु. १ करोड ६७ लाख समेत जम्मा रु २७ करोड ३९ लाख ७६ हजार ७ सय ४८ रुपैया रकम विनियोजन गरी सडक, खानेपानी, सिंचाई, भवन लगायतका पूर्वाधार विकास एवंम् स्थानीय आवश्यकता र प्राथमिकताको आधारमा वडा वस्तीस्तरबाट आएका आयोजना र कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

पूर्वाधार विकास तथा विषयगत शाखा तर्फका आयोजना र कार्यक्रमहरुको पूर्ण विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | कार्यक्रम | संघ | प्रदेश | नगर |
|---|---|---|---|---|
| | **संघीय समपूरक अनुदान साझेदारी** | | | |
| १ | भालुखोप गणेसटार देउराली सडक | ३०,००,००० | ० | ३०,००,००० |
| २ | गाइटार अखेनी सडक | ३०,००,००० | ० | ३०,००,००० |
| ३ | सोलमारी डुम्रीखर्क सल्ले सडक | ३०,००,००० | ० | ३०,००,००० |
| ४ | साउने वोलुङ वोलङ बरबोट सडक | ३०,००,००० | ० | ३०,००,००० |
| ५ | रामपुर धराब्दी सडक | ३०,००,००० | ० | ३०,००,००० |
| | **जम्मा** | **१,५०,००,०००** | | **१,५०,००,०००** |
| | **प्रदेश समपूरक अनुदान साझेदारी** | | | |
| १ | चामबोट च्यास्कु कोलोन्जोरघाट सडक स्तरोन्नती रामेछाप ७,६,५ | ० | १,४६,२१,००० | १,४६,२१,००० |
| २ | भेटेनरी वादी विर्ता सडक स्तरोन्नती | ० | १,४९,३७,००० | १,४९,३७,००० |
| | **जम्मा** | | **२,९५,५८,०००** | **२,९५,५८,०००** |
| १ | रामेछाप अस्पताल मुडाजोर विर्ता धनेघाट सडक वोर्ड साझेदारी | | | **१४,४२,०००** |
| | **समपुरक अनुदान तर्फ नगरको साझेदारी रकम जम्मा** | | | **४,६०,००,०००** |
| | **विशेष अनुदान संघीय** | | | |
| १ | फोहरमैला व्यवस्थापनको लागि डम्पिङ साइट निर्माण तथा व्यवस्थापन रा न पा ८ | १,२५,००,००० | ० | ० |
| २ | थाक्लेवेसी लिफ्ट खानेपानी योजना | ६०,००,००० | ० | ० |
| ३ | रामपुर सुनकोसी लीफ्ट सिंचाई योजना | ६०,००,००० | ० | ० |
| | **संघीय शशर्त अनुदान** | | | |
| १ | गणेशचोक शारदा संस्कृत मा वि कोलडाडा सडक स्तरोन्नती वडा नं ८ | ५०,००,००० | ० | ० |
| | **विशेष अनुदान प्रदेश** | | | |
| १ | कामीगाउ लाम्पाते लिफ्ट खानेपानी योजना रा न पा ६ | ० | ७०,००,००० | ० |
| २ | कालीकुवा डिपबोरिङ सिचाई योजना वडा नं ७ | ० | ७०,००,००० | ० |
| | **प्रदेश शशर्त अनुदान** | | | |

| | | | | |
|---|---|---|---|---|
| | लर्खुखोला ज्यामिरे वेशी सींचाइ कुलो निर्माण रा न पा १ | ० | २५,००,००० | ० |
| | साघुँटार थाक्लेबेशी लिफ्ट खानेपानी योजना | ० | २५,००,००० | ० |
| | फुश्रेमाटा चनौटे आरुबोट देविथान टुनिबोटे सडक रा न पा ८ | ० | ५०,००,००० | ० |
| | भ्याकुरे कालिआप धारापानी सडक रा न पा ८ | ० | ५०,००,००० | ० |
| | जम्मा | ४,४५,००,००० | ५,८५,५८,००० | ४,६०,००,००० |

| | | | | |
|---|---|---|---|---|
| | **नगरस्तरीय योजना तथा कार्यक्रम** | | | |
| | **समपुरक अनुदान तथा साझेदारी रकम** | | | ३,५५,००,००० |
| १ | वडा नम्वर १ को वडा कार्यालय भवन निर्माण | ० | ० | ६२,००,००० |
| २ | वडा नम्वर ३ को वडा कार्यालय भवन निर्माण | ० | ० | ५०,००,००० |
| ३ | वडा नम्वर ७ को वडा कार्यालय भवन निर्माण | ० | ० | २५,००,००० |
| ४ | वडा नम्वर ८ को वडा कार्यालय भवन निर्माण | ० | ० | ६२,००,००० |
| ५ | वडा नम्वर ९ को वडा कार्यालय भवन निर्माण | ० | ० | २५,००,००० |
| ६ | कवर्ड हल माटो व्यवस्थापन कार्यक्रम | ० | ० | ३०,००,००० |
| ७ | खानेपानीको पाइप तथा साना सिंचाई पाईप खरिद | ० | ० | २०,००,००० |
| ८ | देउराली गोठगाँउ देवालीचौर चण्डेश्वरी सडक स्तरोन्नती वडा नं १,२ | ० | ० | ५०,००,००० |
| ९ | चण्डिडाँडा बाँकिमेरी साघुटार सडक स्तरोन्नती वडा नं ३ | ० | ० | ४०,००,००० |
| १० | गोठेडाँडा मगर चिलाउने कुशबसेरी सडक स्तरोन्नती वडा नं ४ | ० | ० | २०,००,००० |
| ११ | रामपुर रिठ्ठाबोट सिलिङ्गे मन्सुलीघाट सडक विस्तार तथा स्तरोन्नती वडा नं ५ | ० | ० | २०,००,००० |
| १२ | केवलेश्वर खानेपानी योजना वडा नं ८ | ० | ० | १५,००,००० |
| १३ | गिजनटार सिंचाई योजना वडा नं ४ | ० | ० | २०,००,००० |
| १४ | लिखु तटबन्ध निर्माण साँघुटार वडा नं ३ | ० | ० | २५,००,००० |
| १५ | आकस्मिक तथा फुटकर योजना | ० | ० | ५१,४८,२४८ |
| १६ | देउराली राताटार हर्दिनि सडक स्तरोन्नती वडा नं ९ | ० | ० | २०,००,००० |
| १७ | गोठगाँउ खानेपानी योजना वडा नं १ | ० | ० | २०,००,००० |

| | | | | |
|---|---|---|---|---|
| १८ | गाइखुरा महादेव मन्दिर निर्माण वडा नं २ | ० | ० | ५,००,००० |
| १९ | कालेपानी र झारखोला खानेपानी मुहान संरक्षण वडा नं ४ | ० | ० | ५,००,००० |
| २० | आरु खर्के लिफ्ट खानेपानी योजना वडा नं ६ | ० | ० | २५,००,००० |
| २१ | वडा नं ८ व्याडमिन्टन कोर्ट निर्माण | ० | ० | ५,००,००० |
| **जम्मा** | | ० | ० | ९,५०,४८,२४८ |
| | | | | |
| **कृषि विकास शाखा** | | | | |
| **सि.नं.** | **कार्यक्रम** | **बजेट** | **कैफियत** | |
| १ | खाद्यन्न बालीको मकै वीउ वैक स्थापना (५० प्रतिशत अनुदान) सहकारी मार्फत | ५,००,००० | | |
| २ | माटो परिक्षण शिविर | ४,५०,००० | | |
| ३ | तरकारी खेतिमा युवा लक्षित कार्यक्रम | १०,००,००० | | |
| ४ | कृषियन्त्रिकरण तथा औजार उपकरण बितरण कार्यक्रम ५० प्रतिशत अनुदान | १०,००,००० | | |
| ५ | प्रोटिन वेट खरिद तथा वितरण कार्यक्रम | ५,००,००० | | |
| ६ | आकस्मिक वाली संरक्षण कार्यक्रम | १३,००,००० | | |
| ७ | कृषि उपकरण मर्मत तालिम | १,००,००० | | |
| ८ | कृषि एम्बुलेन्स | ३०,००,००० | | |
| ९ | कपास खेती कार्यक्रम | ५०,००० | | |
| १० | किसान सूचीकरण | ३,००,००० | | |
| **जम्मा** | | **८२,००,०००** | | |
| **पशुपंक्षी विकास शाखा** | | | | |
| **सि.नं.** | **कार्यक्रम** | **बजेट** | **कैफियत** | |
| १ | पशुपंक्षिको लागि औषधी खरिद | १५,००,००० | | |
| २ | महामारी रोग (खोरेत, भ्यागुते, चरचरे, पि.पि.आर. रानीखेत र स्वाइन फिवर) आदि नियन्त्रण खोप कार्यक्रम | ६,००,००० | | |
| ३ | पशु स्वास्थ्य तथा परजिवी नियन्त्रण शिविर | ३,००,००० | | |
| ४ | जोनोटिक रोग रेबिज नियन्त्रण खोप तथा शिविर (सबै वडामा खोप Vaccination) | ३,००,००० | | |
| ५ | सुत्केरी गाई भैसी प्रोत्साहन कार्यक्रम | १०,००,००० | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | कृषक तालिम(पशु स्वास्थ्य तथा पशुपालन व्यवसायिक अभिमुखिकरण ३ दिने) स्थलगत | ३,००,००० | | |
| ७ | युवा स्वरोजगारका लागि ५० प्रतिशत लागत साझेदारीमा व्यवसायीक पशुपंक्षी पालन कार्यक्रम | ५,००,००० | | |
| ८ | कृत्रिम गर्भाधान तथा क्षमता विकास तालिम (प्राविधिक स्तर) | २,००,००० | | |
| ९ | व्यवसायिक पशु (पशुपन्छी) विमा अनुदान | ५,००,००० | | |
| १० | कार्यक्रम अनुगमन तथा सहजीकरण | १,००,००० | | |
| ११ | नश्ल सुधार, उन्नत जातको राँगो वितरण (मागको आधारमा) | १,५०,००० | | |
| १२ | सर्जिकल किट तथा उपकरण | २,००,००० | | |
| **जम्मा** | | ५६,५०,००० | | |

**स्वास्थ्य शाखा**

| सि.नं. | कार्यक्रम | बजेट | कैफियत | |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिकसँग मेयर कार्यक्रम (जेष्ठ नागरिक स्वास्थ्य परिक्षण) | १५,००,००० | | |
| २ | महिला प्रज्वनन् स्वास्थ्य परिक्षण कार्यक्रम | १०,००,००० | | |
| ३ | नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुका लागि मशलन्द खर्च | १०,५०,००० | | |
| ४ | बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ तथा कार्यालय सहयोगीलाई रात्रिकालिन खाजा खर्च | २,००,००० | | |
| ५ | खोप सञ्चालनमा खटिन स्वास्थ्यकर्मीहरु लागि यातायात तथा खाजा खर्च | २,००,००० | | |
| ६ | स्वास्थ्य संस्थाहरुमा औजार उपकरण तथा औषधि व्यवस्थापन | ५,००,००० | | |
| ७ | गर्भवती तथा सुत्केरी महिलाहरुका लागि पोषण कार्यक्रम | ३,००,००० | | |
| ८ | प्रशुति सेवाका लागि निःशुल्क एम्बुलेन्ससेवा कार्यक्रम | ७,००,००० | | |
| ९ | विभिन्न रोग सम्बन्धि घुम्ति स्वास्थ्य शिविर कार्यक्रम | १०,००,००० | | |
| १० | रामेछाप अस्पतालमा विशेषज्ञ सेवालाई नियमितता कार्यक्रम | ३०,००,००० | | |
| ११ | सूर्तिजन्य पदार्थ रोकथाम तथा नियन्त्रण कार्यक्रम | ५०,००० | | |

| | | | | |
|---|---|---|---|---|
| | समितिको बैठक खर्च | | | |
| १२ | आँखा सेवा विस्तार रामेछाप अस्पताल | ६,००,००० | | |
| १३ | निःशुल्क स्वास्थ्य विमा कार्यक्रम ( दलित तथा ज्येष्ठ नागरिकहरु ) | १०,००,००० | | |
| १४ | स्वास्थ्य संस्थाहरुमा खोप सामग्रीहरु तथा औषधी ढुवानी | १,५०,००० | | |
| १५ | नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा आयुर्वेदिक औषधी खरिद | ५,००,००० | | |
| १६ | जिल्ला अस्पतालमा ब्लड बैंक स्थापना तथा संचालन | ५,००,००० | | |
| **जम्मा** | | **१,२२,५०,००० ** | | |

**शिक्षा युवा तथा खेलकुद विकास शाखा**

| सि.नं. | कार्यक्रम | बजेट | कैफियत | |
|---|---|---|---|---|
| १ | विद्यालय कर्मचारी र सहयोगी कार्यकर्ता पारिश्रमिक अनुदान | ६०,००,००० | | |
| २ | वाल कक्षा तर्फ कर्मचारी पारिश्रमिक अनुदान | ५०,१०,००० | | |
| ३ | स्वयम् सेवी शिक्षक एवम् सहजकर्ता पारिश्रमिक अनुदान | ७०,००,००० | | |
| ४ | सामुदायिक विद्यालय व्यवस्थापन सहजीकरण | १५,००,००० | | |
| ५ | विद्यार्थी प्रतिभा पहिचान | २,००,००० | | |
| ६ | शिक्षकलाई ICT सम्बन्धि तालिम | ३,००,००० | | |
| ७ | विद्यालय निरीक्षण तथा अनुगमन | २,००,००० | | |
| ८ | विद्यार्थी मुल्याङ्कन, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परिक्षण सुधार तालिम | ३,००,००० | | |
| ९ | स्थानीय पाठ्यक्रम परिमार्जन | १,५०,००० | | |
| १० | पाठ्क्रम मुल्याङ्कन सम्बन्धि तालिम | ३,५०,००० | | |
| ११ | नियमित प्र.अ वैठक | ३,००,००० | | |
| १२ | विद्यार्थी कार्यसञ्चयिका पुस्तक खरिद | ५,९०,००० | | |
| १३ | विद्यालयको आवधिक परीक्षा सञ्चालन तथा व्यवस्थापन | १०,००,००० | | |
| १४ | राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता | १०,००,००० | | |

| | | | | |
|---|---|---|---|---|
| १५ | विविध खेलकुद कार्यक्रम | ११,००,००० | | |
| १६ | स्वास्थ्य/ कृषि र पशु विषयमा स्नातक तह अध्ययनका लागि छात्रवृति कार्यक्रम | १५,००,००० | | |
| **जम्मा** | | **२६५००००००** | | |
| **राजश्व, सहकारी, उद्योग तथा उपभोक्ता हित संरक्षण शाखा** | | | | |
| **सि.नं.** | **कार्यक्रम** | **बजेट** | **कैफियत** | |
| १ | दलित सीपमूलक पेशा आधुनिकरण तथा प्रविधि हस्तान्तरण | १०,००,००० | | |
| २ | आदिवासी/ जनजाति/ सिमान्तकृत /लोपोन्मुख तथा अल्पसंख्यक समुदायको पेशा अभिवृद्दि तालिम र प्रविधि हस्तान्तरण | १०,००,००० | | |
| ३ | युवा व्यवसायीलाइ प्रोत्साहन कार्यक्रम (५० प्रतिशत अनुदान) | २०,००,००० | | |
| ४ | युवाहरुलाई सीप विकास तालिम | ५,००,००० | | |
| ५ | उद्यमशिलता विकास तालिम प्रति वडा १५ जनाको दरले | ४,००,००० | | |
| ६ | लघु उद्यमीहरुलाई प्रविधि हस्तान्तरण कार्यक्रम | ५,००,००० | | |
| ७ | बजार अनुगमन तथा निरिक्षण तथा वैठक संचालन कार्यक्रम | १,००,००० | | |
| ८ | उद्योग/उपभोक्ता हकहितको लागि अनुगमन, अन्तरक्रिया तथा सहजिकरण कार्यक्रम | २,००,००० | | |
| ९ | सीप विकास तालिम केन्द्र संचालनमा निरन्तरता कार्यक्रम | ४,००,००० | | |
| १० | सहकारी दर्ता पूर्व सहकारी शिक्षा कार्यक्रम | १,००,००० | | |
| ११ | सहकारी लेखा ब्यवस्थापन तालिम | ३,००,००० | | |
| १२ | COPO MIS तालिम संचालन तालिम २०/२० जना | ३,००,००० | | |
| १३ | उत्कृष्ट सहकारी अनुदान कार्यक्रम | १,००,००० | | |
| १४ | सहकारी संस्थाहरुको अनुगमन तथा निरिक्षण | २,००,००० | | |
| १५ | वडा कार्यालयहरुको राजश्व सम्वन्धी अनुगमन | १,००,००० | | |
| १६ | सम्पति कर तथा नगदी सप्टवयर सम्वन्धी तालिम | १,५०,००० | | |
| **कुल जम्मा** | | **७३,५०,०००** | | |

**महिला तथा वालवालिका शाखा**

| सि.नं. | कार्यक्रम | बजेट | कैफियत | |
|---|---|---|---|---|
| १ | महिलासँग उपमेयर कार्यक्रम | १५,००,००० | | |
| २ | बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन | ३०,००,००० | | |
| ३ | टोल विकास संस्था गठन तथा सहजीकरण | ५,००,००० | | |
| ४ | महिला-पुरुष समविकास तालिम | १,००,००० | | |
| ५ | सामाजिक विभेदको न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन | १,००,००० | | |
| ६ | लैङ्गिक हिंसा निवारण कोषमा रकम जम्मा | ३,००,००० | | |
| ७ | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान सञ्चालन | ३,००,००० | | |
| ८ | लैंगिक उत्तरदायि बजेट परीक्षण | २,००,००० | | |
| ९ | दिवसीय कार्यक्रम सञ्चालन | ५,००,००० | | |
| १० | अपाङ्गताा भएका व्यक्तिहरुका लागि विविध कार्यक्रम सञ्चालन गर्ने | १०,००,००० | | |
| **जम्मा** | | **७५,००,०००** | | |

**सूचना प्रविधि शाखा**

| सि.नं. | कार्यक्रम | बजेट | कैफियत | |
|---|---|---|---|---|
| १ | जनप्रतिनिधि/कर्मचारीहरुलाई डिजिटल साक्षरता तथा ICT सम्बन्धी तालिम | ५,००,००० | | |
| २ | प्रयोगमा रहेका प्रणालीहरुको वार्षिक मर्मत संभार एवं क्षमता अभिवृद्दि | ५,००,००० | | |
| ३ | नगरभरीका वडा कार्यालय स्वास्थ चैकी, विद्यालय, सार्वजनिक निकायहरूमा इन्टरनेट व्यवस्थापन तथा अनुगमन | ५,००,००० | | |
| **जम्मा** | | **१५,००,०००** | | |

**कर्मचारी प्रशासन शाखा**

| सि.नं. | कार्यक्रम | बजेट | कैफियत | |
|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई | ५,००,००० | | |
| २ | कर्मचारी तथा जनप्रतिनिधि क्षमता अभिबृद्धि कार्यक्रम | १०,००,००० | | |
| ३ | राष्ट्रिय स्तरका दिवस/समारोह संचालन तथा व्यवस्थापन/संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय र सहकार्य | ५,००,००० | | |
| ४ | कर्मचारी तथा जनप्रतिनिधिका लागि अध्ययन अवलोकन भ्रमण | ५,००,००० | | |

| जम्मा | | २५,००,००० | | |
|---|---|---|---|---|
| **शहरी विकास तथा पूर्वाधार शाखा** | | | | |
| सि.नं. | कार्यक्रम | बजेट | कैफियत | |
| १ | ईन्जिनियरिङ्ग उपकरण खरिद | ५,००,००० | | |
| २ | अनलाइन नक्शा पास प्रणाली सफ्टवयेर जडान | ५,००,००० | | |
| जम्मा | | १०,००,००० | | |
| **कानुन, न्याय तथा मानव अधिकार शाखा** | | | | |
| सि.नं. | कार्यक्रम | बजेट | कैफियत | |
| १ | मेलमिलाप सम्बन्धी आधारभूत तालिम (४८ घण्टा)/न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तथा तथा अन्तरक्रिया कार्यक्रम/वडागत मेलमिलापकर्ताहरुको लागि अन्तक्रिया/पुनर्ताजगी कार्यक्रम | ७,००,००० | | |
| २ | सरोकारवाला तथा अन्तरपालिका न्यायिक समिति पदाधिकारीको साझा सवाल/मेलमिलापकर्ताहरुका लागि मुद्धा मिलापत्र भत्ता-९ वटा नै वडाका ३/३ जना मेलमिलापकर्ताका लागि/मेलमिलापकर्ताहरुका लागि सञ्चार भत्ता | ५,००,००० | | |
| ३ | नगरपालिकाको राजपत्र प्रकाशन तथा कानुनका पुस्तक एवं विधेयक समितिको विधेयक तयारी | १,००,००० | | |
| जम्मा | | १३,००,००० | | |
| **वन, वातावरण, फोहरमैला तथा विपद व्यवस्थापन शाखा** | | | | |
| सि.नं. | कार्यक्रम | बजेट | कैफियत | |
| १ | प्रकोप व्यवस्थापन कोष | ४०,००,००० | | |
| २ | वातावरण संरक्षण सम्वन्ध विभिन्न कार्यक्रम संचालन | ५,००,००० | | |
| ३ | विपद पुर्व तयारी सम्बन्धि सामाग्री खरिद तथा व्यवस्थापन | ५,००,००० | | |
| ४ | फोहरमैला व्यवस्थापन | ५,००,००० | | |
| | जम्मा | ५५,००,००० | | |
| कूल जम्मा | | ७,९२,५०,००० | | |

## नगर सभाको दोस्रो बैठकबाट थप भएका योजना तथा कार्यक्रम

| सि.न. | कार्यक्रम | बजेट | कैफियत | |
|---|---|---|---|---|
| १ | वडा नं. १ कार्यालय निर्माण (क्रमागत) | २५,००,०००।- | | |
| २ | सुकाजोर खोलामा गेट निर्माण (क्रमागत) | १२,००,०००।- | | |
| ३ | वडा नं. १ खानेपानी संरचना निर्माण (क्रमागत) | २५,००,०००।- | | |
| ४ | बुद्ध मुर्ति निर्माण वडा नं. ६(क्रमागत) | ७,५०,०००।- | | |
| ५ | मन्दिर निर्माण वडा नं.७ (क्रमागत) | १०,००,०००।- | | |
| ६ | विभिन्न नगरपालिका तथा गाउपालिका विच | ३०,००,०००।- | | |

| | | | | |
|---|---|---|---|---|
| | सहलगानिमा कार्य सम्पादन (क्रमागत) | | | |
| ७ | ३नं. वडा कार्यालय भवन निर्माण (क्रमागत) | ५,००,०००।- | | |
| | **जम्मा** | १,१४,५०,०००।- | | |

| | | |
|---|---|---|
| **पुँजीगत खर्च तर्फका वडास्तरीय योजना तथा कार्यक्रमहरू (आर्थिक वर्ष २०७९/८०)** | | |
| **वडा नं. १ का योजना तथा कार्यक्रमहरु** | | |
| **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **विनियोजन रकम** |
| १ | १.१ विभिन्न जातका बीउबिजन खरिद | ६०,००० |
| २ | १.२ चिया कफी तथा फलफुल विरुवा व्यवस्थापन | २,५०,००० |
| ३ | १.३ मसला तथा तरकारी बाली व्यवस्थापन | २,००,००० |
| ४ | १.४ मिलनचोक रमितेडाँडा पिपलडाँडा ढोडेनी सडक स्तरोन्नती | १०,००,००० |
| ५ | १.५ देवाली चउर लर्खु सडक स्तरोन्नती | २८,००,००० |
| ६ | १.६ खेलकुद मैदान निर्माण | ५,००,००० |
| ७ | १.७ सिंचाई पाइप खरिद | ४,००,००० |
| ८ | १.८ वडाभित्रका सडक मर्मत | ५,५३,२७७.७० |
| ९ | १.९ शैक्षिक सामाग्री खरिद | १,००,००० |
| **जम्मा** | | **५८,६३,२७७.७०** |

| | | |
|---|---|---|
| **वडा नं. २ का योजना तथा कार्यक्रमहरु** | | |
| **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **विनियोजन रकम** |
| १ | २.१ विभिन्न वडा स्तरीय सडक मर्मत, स्तरोन्नती तथा निर्माण | २०,००,००० |
| २ | २.२ विविध साना योजना तथा कार्यक्रम | १५,००,००० |
| ३ | २.३ साना पूर्वाधार तथा सामाजिक विकास कार्यक्रम | ५,००,००० |
| ४ | २.४ खानेपानी व्यवस्थापन | ५,२५,००० |
| ५ | २.५ सार्वजनिक मठ मन्दिर निर्माण व्यवस्थापन तथा संरक्षण | ६,००,००० |

| | | |
|---|---|---|
| ६ | २.६ सिंचाई कार्यक्रम | ५,२५,००० |
| ७ | २.७ प्रतिक्षालय तथा चौतारा निर्माण | ५,३६,६२५.१५ |
| ८ | २.८ लहरेनी पिकनिक स्पोर्ट डिपिआर तयार | १,५०,००० |
| **जम्मा** | | **६३,३६,६२५.१५** |

**वडा नं. ३ का योजना तथा कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
|---|---|---|
| १ | ३.१ मल उन्नत जातका भैसी, बाख्रा, बंगुरपालन तथा कुखुरापालन, कृषि खेती व्यवसायिक रुपमा काम गर्ने किसान तथा फर्महरुलाई अनुदान कार्यक्रम | ८,००,००० |
| २ | ३.२ वडाभरीको खानेपानी व्यवस्थापन | २०,००,००० |
| ३ | ३.३ सुख्खाग्रस्त क्षेत्रको लागि वर्षादको पानी संकलन गर्न पोलिथिनको ड्रम वितरण | ५,००,००० |
| ४ | ३.४ सिंचाई कुलो तथा ट्यांकी निर्माण तथा मर्मत | ६,००,००० |
| ५ | ३.५ वडा भरीको सडक निर्माण तथा मर्मत | ५,००,००० |
| ६ | ३.६ भ्याउरेखोला घाट देखि सिमलवोटसम्म तटबन्धन निर्माण | ५,००,००० |
| ७ | ३.७ दैवी प्रकोप, विपद व्यवस्थापन तथा विविध कार्यक्रम तथा योजना | ६,७३,५६३.३८ |
| **जम्मा** | | **५५,७३,५६३.३८** |

**वडा नं. ४ का योजना तथा कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
|---|---|---|
| १ | ४.१ चिलाउने तिलवारी सडक स्तरोन्नती | २०,००,००० |
| २ | ४.२ वडा भित्रका सडक, मन्दिर, गोरेटो बाटो विस्तार तथा मर्मत (गैरावन, घुमाउनेटार, देवीथान, डाँडा बशेरी) | ९,००,००० |
| ३ | ४.३ वडा भित्रका खानेपानी वितरण योजना मर्मत तथा पाइप व्यवस्थापन (धाराखोला, हनुमान, आइतवारे, पङ्करपचले) | ९,००,००० |
| ४ | ४.४ वडा भित्रका विभिन्न कार्यक्रम संचालन (महिला स्वयंसेविका प्रोत्साहन, भलिवल खेल, शैक्षिक सामाग्री वितरण तथा अन्य) | ७,५०,००० |
| ५ | ४.५ वडा भित्र प्रतिक्षालय, शौचालय, खेलमैदान तथा चौतारा निर्माण (बरवोट, रेणुकादेवी, जोगीटोल, तिलवारी) | ६,००,००० |

| | | |
|---|---|---|
| ६ | ४.६ कोलखोला, ढिकडाँडा, सिसाखानी, टहलेटोल, जैसीटोल, पोखरीटोल वाल तथा पदमार्ग सोलिङ्ग | ६,००,००० |
| ७ | ४.७ मगर चिलाउने सडक ट्र्याक विस्तार | ५,५०,००० |
| ८ | ४.८ सारुगाँउ बोलङ्ग बोलङ्ग कुरीघर तथा प्रतिक्षालय निर्माण | ५,५०,००० |
| ९ | ४.९ घुमाउने पोखरी मुर्गे सिद्धथान सडक विस्तार तथा मर्मत | ५,१८,३४५.११ |
| **जम्मा** | | **७३,६८,३४५.११** |

**वडा नं. ५ का योजना तथा कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
|---|---|---|
| १ | ५.१ ५० प्रतिशत अनुदानमा विउ विषादी माटो परिक्षण वाली संरक्षण कार्यक्रम | ४,२५,००० |
| २ | ५.२ वंगर, वाख्रापालन व्यवसाय प्रवर्धन कार्यक्रम | ५,००,००० |
| ३ | ५.३ अंग्रेजी माध्यमवाट शिक्षण सिकाई व्यवस्थापन कार्यक्रम | ६,४६,०२४.८० |
| ४ | ५.४ खानेपानी पाइप वितरण कार्यक्रम | ७,९०,००० |
| ५ | ५.५ आइतवारे पाग्रेटार लामाटोल ग्वाले सडक निर्माण | १४,००,००० |
| ६ | ५.६ सिढी निर्माण (सिम्ले, देवीथान, बरवोट, सिरानटोल, मागलीटोल, पिपलवोट), | ८,५०,००० |
| ७ | ५.७ सामुदायिक भवन प्रतिक्षालय निर्माण (माझीगाँउ लिना काफ्लीखोला सिम्ले) | ५,००,००० |
| ८ | ५.८ मन्दिर निर्माण कार्यक्रम | ५,००,००० |
| ९ | ५.९ घ्यासिटार वासवोट वाल निर्माण अधुरो योजना | ३,७५,००० |
| १० | ५.१० सडक स्तरोन्नती | ४,५०,००० |
| ११ | ५.११ विपद व्यवस्थापन सामाग्री खरीद व्यवस्थापन कार्यक्रम | २,२५,००० |
| १२ | ५.१२ जोखिम वस्तीमा रिटेनिङ्ग मेसिनरी वाल निर्माण | ५,००,००० |
| १३ | ५.१३ वडाभित्रका विविध कार्यक्रम संचालन | ३,००,००० |
| **जम्मा** | | **७४,६१,०२४.८०** |

**वडा नं. ६ का योजना तथा कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
|---|---|---|
| १ | ६.१ कृषि कार्यक्रम (प्लाष्टिक टर्नेल, मकैमा लाग्ने फौजी किराको विषादी वितरण अनुदान, उन्नत जातको तरकारी बीउ बीजन ५० % अनुदान | ७,००,००० |

| | | |
|---|---|---|
| २ | ६.२ सामुदायिक भवन निर्माण तथा मर्मत (ओखेनी, कटुन्जे, सिमलभञ्ज्याङ्ग, धमिनीछाप, महिला सामुदायिक भवन होदिल) | २१,७५,००० |
| ३ | ६.३ वडास्तरीय सडक मर्मत स्तरोन्नती विस्तार | १४,७५,००० |
| ४ | ६.४ गोलेखोला लिफ्ट खानेपानी योजना, च्यास्कु | ८,५०,००० |
| ५ | ६.५ खानेपानी मर्मत तथा पाइप खरिद | ५,००,००० |
| ६ | ६.६ वडा कार्यालय व्यवस्थापन | ५,००,००० |
| ७ | ६.७ वडाका आकस्मिक र विभिन्न कार्यक्रमहरु | ५,३६,६०३.७१ |
| **जम्मा** | | **६७,३६,६०३.७१** |

| वडा नं. ७ का योजना तथा कार्यक्रमहरु | | |
|---|---|---|
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
| १ | ७.१ रासायनिक मल अनुदान बीउ बिजन, टनेल, पोखरी, बृक्षारोपण तथा कृषक प्रोत्साहन कार्यक्रम | ११,५०,००० |
| २ | ७.२ लिफ्ट खानेपानी मुहान व्यवस्थापन, पाईप, प्लाष्टिक ट्यांकी वितरण तथा सिंचाई मुहान र कुलो मर्मत | ९,१३,५९९.२७ |
| ३ | ७.३ सामुदायिक भवन मठ, मन्दिर, प्रतिक्षालय निर्माण तथा चौतारा मर्मत | १४,००,००० |
| ४ | ७.४ भित्री सडक मर्मत तथा स्तरोन्नती | २०,००,००० |
| ५ | ७.५ आग्रीगाँउ, रजयछाप, पात्ले थापावेशी सडक स्तरोन्नती | ८,००,००० |
| ६ | ७.६ एक घर एक स्वास्थ्य बीमा, स्वास्थ्य संस्था व्यवस्थापन तथा स्वयं सेविका प्रोत्साहन कार्यक्रम | ५,००,००० |
| ७ | ७.७ शैक्षिक सुधार, व्यवस्थापन, खेलकुद, कम्प्युटर तालिम तथा असहाय सहायता कार्यक्रम | ५,५०,००० |
| **जम्मा** | | **७३,१३,५९९.२७** |

| वडा नं.८ का योजना तथा कार्यक्रमहरु | | |
|---|---|---|
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
| १ | ८.१ कृषि तथा सिंचाई कार्यक्रम | ९,९०,००० |
| २ | ८.२ रानपा ८ भित्र सडक निर्माण (सल्ले, डुम्रिखर्क र वादी) | ६,५०,००० |
| ३ | ८.३ पशुपतिनाथ मन्दिर निर्माण रामेछाप बजार | ५,००,००० |
| ४ | ८.४ रानपा ८ भित्र मठ मन्दिर निर्माण | ७,००,००० |

| | | |
|---|---|---|
| ५ | ८.५ रानपा ८ भित्र ट्रस निर्माण | ६,००,००० |
| ६ | ८.६ सडक खानेपानी लगायत विभिन्न योजना मर्मत सम्भार र निर्माण | ११,५१,७२०.८८ |
| ७ | ८.७ एक घर एक स्वास्थ्य बिमा कार्यक्रम रानपा ८ | ७,००,००० |
| ८ | ८.८ निशुल्क एम्बुलेन्स सेवा संचालन रानपा ८ | ६,००,००० |
| ९ | ८.९ खानेपानी रानपा ८ प्यानल बोर्ड, मेशिन खरिद पाइप खरिद ट्यांकी निर्माण | ७,५०,००० |
| **जम्मा** | | **६६,४१,७२०.८८** |

**वडा नं.९ का योजना तथा कार्यक्रमहरु**

| सि.नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
|---|---|---|
| १ | ९.१ सिंचाई/खानेपानीको लागि एक घर एक ट्यांकी कार्यक्रम | १०,५०,००० |
| २ | ९.२ पशुपालन कार्यक्रम | ७,००,००० |
| ३ | ९.३ तरकारी खेती प्रवर्द्धन/किटनाशक औषधी/रासायनिक मल ढुवानी तथा फलफुल विरुवा कार्यक्रम | ४,७५,७४० |
| ४ | ९.४ मारमे गुम्वा परिसर निर्माण | १,५०,००० |
| ५ | ९.५ राताटाहार खेल मैदान निर्माण | २,००,००० |
| ६ | ९.६ सिउरी खोला लिफ्ट खानेपानी तथा सिंचाई मर्मत | ३,००,००० |
| ७ | ९.७ विद्यालय सवलीकरण/खेलकुद कार्यक्रम/भिमेश्वर तेक्वान्दो डोजाङ सवलीकरण कार्यक्रम | ५,००,००० |
| ८ | ९.८ राताटाहार सामुदायिक भवन निर्माण | ७,००,००० |
| ९ | ९.९ ट्रस भवन निर्माण (३ वटा) | ५,५०,००० |
| १० | ९.१० वडाभरिका सडक मर्मत तथा स्तरोन्नती | ५,००,००० |
| ११ | ९.११ धयरोबोट/मानेडाँडा पखेरा तिलेचौर/भिमसेनथान चिचिखोप सडक निर्माण | ७,५०,००० |
| **जम्मा** | | **५८,७५,७४०.००** |

**सभाध्यक्ष महोदय,**

उल्लेखित नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा मार्ग दर्शन गर्नु हुने आदरणीय प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभा सदस्यज्यूहरु र सम्वद्व कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी नीति तथा कार्यक्रम तयारीका क्रममा सुझाव दिनुहुने राजनैतिकदलहरु, राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज र सम्पूर्ण नगरबासी दाजुभाई दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि सम्पूर्ण नगरवासीहरु एवं सम्बद्ध सबै पक्षहरुबाट आवश्यक सहयोग, सल्लाह एवम् रचनात्मक पृष्ठपोषण प्राप्त हुने विश्वास लिदै नगरबाट सञ्चालन हुने विकास गतिविधिहरु र सेवा प्रवाहमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सवै राजनैतिक दल, गैरसरकारी, सामुदायिक एवं निजी संघ संस्थाहरु, उद्योगी व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी एवं नगरपालिकाका कर्मचारीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै यो प्रस्तुती अन्त्य गर्दछु। धन्यवाद्।

- बाल कुमारी कार्की थापा
उपप्रमुख

मिति : २०७९ असार ०९ गते, बिहिबार।